# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## अपिहिमाल गाउँपालिका
## दार्चुला

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## अपिहिमाल गाउँपालिका
## दार्चुला

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## अपिहिमाल गाउँपालिका

## दार्चुला

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

सुदूरपश्चिम प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१

च.नं. १०९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

अपिहिमाल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

दार्चुला ।

१. **कैफियत सहितको राय** — हामीले अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ७५ लाख २७ हजार बेरुजू देखिएको छ ।सो सम्बन्धमा प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई रु.२० लाख ६७ हजार फस्यौंट भएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२ लाख ९७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१ करोड रु.७ लाख २४ हजार र नियमित गर्नुपर्ने रु. ४४ लाख ३९ हजार समेत रु.१ करोड ५४ लाख ६० हजार रहेको छ । अपिहिमाल गाउँपालिकाको गतवर्ष सम्म रु.५ करोड ३७ लाख २ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.६ करोड ८१ लाख ८२ हजार रहेको छ ।

अपिहिमाल गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने अपिहिमाल गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी अपिहिमाल गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

# अपिहिमाल गाउँपालिका,

# दार्चुला ।

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६९ | ८९ | १७५२७ | ० | १४ | २०६७ | ६९ | ७५ | १५४६० | २९७ | ४४३९ | १०७२४ | ० | ० | १५१६३ | |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दार्चुला | ५३७०२ | ० | ९८० | ५२७२२ | ० | १५४६० | ६८१८२ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | २०७९।८० (चालु वर्षको) | २३ | क्षेत्री क्षेत्र विकास समितिलाई मु.अ.कर भुक्तानी | ३६४५४७ |
| २ | २०७९।८० | ४२ | छात्रावृतिमा बढी निकासा | ५३२० |
| ३ | २०७९।८० | ४४ | भवानी मा.विलाई बढी अनुदान निकासा | ३६०५ |
| ४ | २०७९।८० | ४५ | हिमालय आ.विलाई बढी अनुदान निकासा | ६२०९ |
| ५ | २०७९।८० | ४९ | भवानी मा.विलाई बढी अनुदान निकासा | ६४००० |
| ६ | २०७९।८० | ६५.१ | ढल निकासा निर्माणमा टि.एम.टी बापत बढी भुक्तानी एकिन गर्ने | ५३८६६७ |
| ७ | २०७९।८० | ६५.२ | ढल निकासा निर्माणको पुन कार्य गरी प्रमाण पेश गर्ने | १०८४२८९ |
| | चालु वर्षको जम्मा | | | २०,६६,६६७ |
| | गत विगत वर्षतर्फको | | | ९,८०,९५५ |

| | | | | |
|---|---|---|---|---|
| ८ | **२०७८।७९** | विभिन्न दफा | NAMS को अनुसूचिबाट प्राप्त विवरण अनुसार विभिन्न दफाको सम्परीक्षण भएको रकम | ४१२०६ |
| ९ | **२०७६।७७** | | आ.व २०७९।८० को प्रारम्भिक प्रतिवेदनमा सम्परीक्षण भएको उल्लेख भएको । | ९१३५५९ |
| १० | **२०७४।७५** | | आ.व २०७९।८० को प्रारम्भिक प्रतिवेदनमा सम्परीक्षण भएको उल्लेख भएको । | २६१९० |
| | **गत विगतको जम्मा** | | | ९८०९५५ |
| | **कुल जम्मा** | | | ३०,४७,६२२ |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

## परिचय

१.

(क) **कार्यालय परिचय -** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह - अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा र ६१३.९५ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ ।

(ख) **लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

(ग) **लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।६। ५ देखि २०८०।६।१० सम्म रहेको छ ।

(घ) **लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) **लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) **आर्थिक कारोबारको स्थिति -** पालिकाको आय र व्ययतर्फ रु ७९ करोड ५८ लाख ८ हजारको लेखापरीक्षण सम्पन्न गरिएकोमा सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) **लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा प्रशासकिय भवन निर्माण कार्यमा निर्माण व्यवसायीलाई प्रथम रनिङ्ग बिलमै दोहोरो मापन भई भुक्तानी भएको रु.८०,००,००० आ.ब २०८०-८१ को गोश्वारा भौचर नम्बर ६, मिति २०८०/६/२२ बाट चौथो रनिङ्ग बिल रकमबाट कट्टि गरी भुक्तानी भएको छ ।

(ज) **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ३७,०९,५७,४३२.२५ | ३२,७६,२७,४११.४३ | | ३२,७६,२७,४११.४३ | २८,८५,४५,५४१.९६ | ६२,००,०००.०० | २९,४७,४५,५४१.९६ |
| क. प्राप्ति (संचितकोष मा आम्दानी बाँधिने) | | ३५,४१,११,२९२.०० | ३०,६२,८७,३२९.६८ | ० | ३०,६२,८७,३२९.६८ | २८,४६,२८,३१७.९६ | ६२,००,०००.०० | २९,०८,२८,३१७.९६ |
| ११००० कर | ११ | ७,०५,६३,०००.०० | ६,२१,५६,०९२.३९ | ० | ६,२१,५६,०९२.३९ | ४,८३,२८,८६७.०४ | ० | ४,८३,२८,८६७.०४ |
| १३००० अनुदान | | २६,४५,७३,२००.०० | २४,२२,९४,४१२.०८ | ० | २४,२२,९४,४१२.०८ | २३,४८,४१,५५०.९२ | ६२,००,०००.०० | २४,१०,४१,५५०.९२ |
| संघीय सरकार | १२ | २५,५३,३३,२००.०० | २३,३२,३५,५९१.०८ | ० | २३,३२,३५,५९१.०८ | २२,४८,८२,७८५.९२ | ६२,००,०००.०० | २३,१०,८२,७८५.९२ |
| प्रदेश सरकार | १२ | ९२,४०,०००.०० | ९०,५८,८२१.०० | ० | ९०,५८,८२१.०० | ९९,५८,७६५.०० | ० | ९९,५८,७६५.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४००० अन्य राजस्व | | २४,७०,०००.०० | १८,३६,८२५.२१ | ० | १८,३६,८२५.२१ | १४,५७,९००.०० | ० | १४,५७,९००.०० |
| ३२००० वित्तीय सम्पत्ति | | १,६५,०५,०९२.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,६८,४६,१४०.२५ | २,१३,४०,०८१.७५ | | २,१३,४०,०८१.७५ | ३९,१७,२२४.०० | | ३९,१७,२२४.०० |
| कोषहरु | | १,६८,४६,१४०.२५ | १,५९,१०,८८७.७५ | ० | १,५९,१०,८८७.७५ | १३,८८,०००.०० | ० | १३,८८,०००.०० |
| धरौटी | | ० | ५४,२९,१९४.०० | ० | ५४,२९,१९४.०० | २५,२९,२२४.०० | ० | २५,२९,२२४.०० |
| भुक्तानी (ग+घ) | | ३७,०९,५७,४३२.२५ | ३१,८१,९३,७८६.०८ | | ३१,८१,९३,७८६.०८ | २८,०४,४२,२४६.२४ | ६१,९९,९९९.९८ | २८,६६,४२,२४६.२२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ३५,४१,११,२९२.०० | ३०,९३,८०,२४०.०८ | | ३०,९३,८०,२४०.०८ | २७,७४,४७,८९०.२४ | ६१,९९,९९९.९८ | २८,३६,४७,८९०.२२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ७,५३,०६,८८०.०० | ६,६१,४५,८३१.५८ | ० | ६,६१,४५,८३१.५८ | २,५४,०५,२९१.३२ | ० | २,५४,०५,२९१.३२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १०,५०,२५,०९२.०० | ८,७२,४५,२२६.०० | ० | ८,७२,४५,२२६.०० | ७,८९,५६,४०३.९२ | २८,९९,९९९.९८ | ८,१८,५६,४०३.९० |
| २५००० सहायता (Subsidy) | १८ | ३,८७,१२,१२०.०० | ३,५७,७७,००३.४० | ० | ३,५७,७७,००३.४० | ५,२७,९६,०१९.०० | ० | ५,२७,९६,०१९.०० |
| २६००० अनुदान | १८ | १०,८६,०००.०० | १०,८५,५२०.०० | ० | १०,८५,५२०.०० | १,९८,४४,८६६.०० | ० | १,९८,४४,८६६.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ८४,०४,०००.०० | ५५,१६,६२३.०० | ० | ५५,१६,६२३.०० | ४६,७८,६३४.०० | ० | ४६,७८,६३४.०० |
| २८००० अन्य खर्च | १८ | १२,९२,०००.०० | ११,१६,८६०.०० | ० | ११,१६,८६०.०० | ८,४६,३००.०० | ० | ८,४६,३००.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १२,४२,८५,२००.०० | ११,२४,९३,१७६.१० | ० | ११,२४,९३,१७६.१० | ९,४९,२०,३७६.०० | ३३,००,०००.०० | ९,८२,२०,३७६.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| घ. अन्य भूक्तानी | | १,६८,४६,१४०.२५ | ८८,१३,५४६.०० | | ८८,१३,५४६.०० | २८,०४,४२,२४६.२४ | ६१,९९,९९९.९८ | २८,६६,४२,२४६.२२ |
| कोषहरु | | १,६८,४६,१४०.२५ | ६३,९४,८५६.०० | ० | ६३,९४,८५६.०० | १९,७७,१९८.०० | ० | १९,७७,१९८.०० |
| धरौटी | | ० | २४,१८,६९०.०० | ० | २४,१८,६९०.०० | १०,१७,१५८.०० | ० | १०,१७,१५८.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | | ९४,३३,६२५.३५ | | ९४,३३,६२५.३५ | ८१,०३,२९५.७२ | ०.०२ | ८१,०३,२९५.७४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २,४५,१०,८२८.६० | | २,४५,१०,८२८.६० | १,५३,७७,२९१.८२ | | १,५३,७७,२९१.८२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ३,३९,४४,४५३.९५ | | ३,३९,४४,४५३.९५ | २,३४,८०,५८७.५४ | ०.०२ | २,३४,८०,५८७.५६ |
| बैंक तथा नगद बाकी | २४ | | ३,१९,६४,४५३.९५ | | ३,१९,६४,४५३.९५ | २,३५,२१,६२६.५६ | | २,३५,२१,६२६.५६ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु -

२. **वित्तिय विवरणको यथार्थता –** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २,३१,७५,२६४ र एकिकृत स्वास्थ्य पूर्वाधार र प्रशासकिय भवन पूर्वाधारको रु ३,६१,९६,१६८ समेत कुल रु ५,९३,७१,४३२ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३. **फरक हिसाव -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२ ) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय

अनुसार गत वर्षको जिम्मेवारी रु. १०,००,००० यस वर्षको प्राप्ति रु.७,४५,०२,७२१ यस वर्षको भुक्तानी रु.७,५४,८२,७२० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय ) | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | २,४५,१०,८२८ | ३२७६२७४११ | ३१८१९३७८६ | ३१९६४४५३.९५ |
| एकीकृत आर्थिक विवरण अनुसार | २,३५,१०,८२८ | ४०२१३०१३२ | ३९३६७६५०६ | ३१९६४४५३.९३ |
| फरक | १०,००,००० | ७,४५,०२,७२१ | ७,५४,८२,७२० | ०.०२ |

४. **फरक जिम्मेवारी** -पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ ।सुत्रबाट तयार भएको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची १० मा सञ्चित कोषको मौज्दात गत बर्ष रु १,६४,७५,११३.०६ रहेकोमा यो बर्ष रु १,६५,०५,०९२.१० जिम्मेवारी सारेको छ ।यसरी रु २९,९७९.०४ बढी जिम्मेवारी सारेकोमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

५. **बैङ्क हिसाव विवरण –** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राखु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १,३४,१२,१८१.७० | २०,०४,६४४.६१ | १,१४,०७,५३७.०९ |
| चालु खर्च खाता | ० | ७२,१८,८२२.८५ | (७२१८८२२.८५) |
| पुँजीगत खर्च खाता | ० | ४२,०४,९६५.२० | (४२,०४,९६५.२०) |

| | | | |
|---|---|---|---|
| विविध खर्च खाता | ९०,४७,०५९.२५ | ९०,४६,९९९.२५ | ६० |
| विपद व्यवस्थापन खाता | ४,४५,३३५ | ४,४५,३२५ | ० |
| विविध कोष | ९,५८,८९० | ९,५८,८९० | ० |
| धरौटी मौज्दात | ८१,००,९८८ | ८१,००,९८८ | ० |
| आन्तरिक अनुदान | | ० | ० |
| आन्तरिक राजस्व खाता | ० | ० | ० |
| बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| बैङ्क मौज्दात | ३,१९,६४,४५३.९५ | ३,१९,८०,६३४.७१ | (१६,१८०.७६) |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।

६. **आन्तरिक नियन्त्रण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन,

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीहरुको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

समयमै आन्तरिक नियन्त्रण प्रणाली बनाई प्रभावकारी रुपमा लागु गर्नुपर्ने भनी बिगतका प्रतिवेदनहरुमा औल्याइएकोमा स्थिति यथावत रहेको पाइयो । कानूनमा भएको व्यवस्थाको समयमै कार्यान्वयन गरिनुपर्दछ ।

७. **आन्तरिक लेखापरीक्षण** – स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले आन्तरिक लेखापरीक्षण गराएको पाइएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई र सो बाट कायम भएका बेरुजु समयमै फस्यौंट गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

८. **बजेट अवण्डा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष गाउँसभाबाट स्वीकृत

विनियोजन ऐन अनुसार निम्नानुसार बजेट तयार गरी खर्च गरेको पाइयो । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्नु वित्तीय अनुशासन र पारदर्शिताको दृष्टिकोणबाट उचित देखिएन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| क्र.सं. | विनियोजित शिर्षक | बजेट रु |
|---|---|---|
| १ | वडाहरुको लागि एकमुष्ठ | १,६९,००,००० |
| २ | गा.पा. का सबै बस्तीमा विद्युतिकरण | ५०,००,००० |
| ३ | अध्यक्ष स्वरोजगार कार्यक्रम | ५०,००,००० |
| ४ | साझेदारी कार्यक्रम (संघ, प्रदेश र गैर सरकारी संस्थासँग) | ३०,००,००० |
| जम्मा | | २,९९,००,००० |

९. **जिन्सी व्यवस्थापन –** पालिकाले यो बर्ष जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेकोमा उक्त प्रतिवेदनले कतिपय समानहरु मर्मत गर्नुपर्ने र कतिपय समानहरु लिलाम गर्नुपर्ने भनी औंल्याएका कैफियतहरु सम्बोधन गरेको पाइएन । समयमै मर्मत गर्नुपर्ने समानहरु मर्मत गरी र लिलाम गर्नुपर्ने समानहरु लिलाम गरी जिन्सी समानहरुको संरक्षण र उपयोगलाई प्रभावकारी बनाउनुपर्दछ । प्रतिवेदनले १ थान हार्ड ड्राइभ मूल्य रु १३,९०० अभिलेखसँग नभिडेको भनी औंल्याएको पाइयो । उक्त समान खोजी गरी जिन्सीमा आम्दानी बाँधेको प्रमाण कागजात पेश गर्नुपर्दछ ।

१०. **योजनाको प्राथमिकीरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार १८ वडाको लागि वडागत र पालिकास्तरका ४८ गरी कुल ६६ योजनामा वजेट विनियोजन गरेकोमा रु ५ लाख मुनिका आयोजना मात्रै कुल आयोजनाको ६८.१८ प्रतिशत रहेको देखिन्छ ।स-साना टुक्रे आयोजनामा रकम विनियोजन गरी खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या | स्वीकृत मध्ये कार्यान्वयन नभएको योजना |
|---|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ४८ | ० | ६ | ४२ | ० |
| २. | वडा स्तरीय | १८ | ११ | ४ | ३ | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | ६६ | ११ | १० | ४५ | ० |

११. **योजना तथा वजेट कार्यान्वयन –** पालिकाको योजना तथा बजेट कार्यान्वयनको क्रममा देखिएका केही प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो ब्यवस्था कार्यान्वयन गर्न आवधिक योजना र मध्यकालीन खर्चको संरचना तयार गरेको छैन,

• दिगो बिकासका लक्ष्य तथा संघ र प्रदेशको आवधिक योजनासँग सामञ्जस्य हुने गरी आयोजना छनौट गर्न स्थानीय स्तरको आयोजना बैंक वा आयोजना सूचि बनाई कार्यान्वयन गर्नुपर्नेमा गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ,

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुंजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुंजीगत खर्च रु. ११ करोड २४ लाख ९३ हजार भएकोमा प्रथम त्रैमासिकमा रु. १ लाख ७९ हजार, दोश्रो त्रैमासिकमा रु. १२ लाख ८४ हजार, तेस्रो त्रैमासिकमा रु. ३ करोड ९८ लाख ७० हजार, चौथो त्रैमासिकमा रु. ७ करोड ११ लाख ६० हजार र असार महिनामा मात्रै रु. ४ करोड २३ लाख ४७ हजार खर्च भएको देखिन्छ । स्वीकृत बार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्च गर्नुपर्दछ,

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु ११ करोड २४ लाखको पूँजिगत खर्च गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. १ करोड ९३ लाख ५८ हजार रकमान्तर गरेको छ। विनियोजित शिर्षक तथा आयोजनामा खर्च गर्न नसकी रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन,

• आन्तरिक राजस्व अनुमानमा कर तथा शुल्क अनुमानको ठोस आधार निर्माण गरेको पाइएन,

• पालिकाको स्थानीय राजस्व क्षमताको खास अध्ययन गरी सोही अनुरुप राजस्व परिचालनको लागि विधि, उपकरण तथा जनशक्ति परिचालन भएको पाइएन,

• मर्मत सम्भार कोष लगायतका कोषहरुको कार्यविधि कानून बनाइ कार्यान्वयन गरेको पाइएन,

• कानून वेगर आर्थिक सहायता वितरण गरेको देखियो,

• स्थानीय तथ्यांक तथा अभिलेख व्यवस्थापनको लागि नीति, कानून, मापदण्ड तयार गरी कार्यान्वयन गरेको पाइएन । यसबाट स्थानीय तथ्यांक व्यवस्थापन प्रणाली भरपर्दो र विश्वसनिय देखिएन।

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

---

१२. **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ ऐन, १३ नियमावली, ४९ कार्यविधि तथा निर्देशिका लगायत ७८ वटा कानुन निर्माण गरेको छ । बनाइएका कानून तथा बाँकी अन्य बिषयगत कानूनहरु पनि समयमै तयार गरी प्रभावकारी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

---

१३. **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गत आर्थिक बर्षसम्म फस्यौंट नभई यो आर्थिक बर्षमा जिम्मेवारी सरेका मुद्दा सँख्या ८, रहेको देखिन्छ । यो बर्ष कुनै मुद्दा दर्ता भएको देखिदैन भने बिगत बर्षको बाँकी मुद्दा फस्यौंट पनि भएको देखिदैन । बाँकी मुद्दा समयमै फस्यौंट गरिनुपर्दछ ।

---

१४. **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पालिकाको लागि पठाएको दरबन्दी तेरिज अनुसार वडा कार्यालय समेत कुल ३१ कर्मचारीको दरबन्दी रहेकोमा पालिकामा स्थायी तर्फ १४ र करारमा १०० गरी कुल ११४ कर्मचारी कार्यरत रहेको देखिन्छ । कार्यबोझ, कार्यपरिमाण तथा आन्तरिक आय समेतलाई ध्यान दिई तथा संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट दरबन्दी एकिन नगरी तलब भत्तामा खर्च लेख्ने निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार बनाईनुपर्दछ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नपाइने व्यवस्था भएतापनि पालिकाले अधिकृत स्तर छैठौं, सहायक स्तर चौथो/पाचौं, असिस्टेन्ट इन्जिनियर र खानेपानी तथा सरसफाई टेक्निसियन समेत १२ जना नियुक्ती गरी तलब भत्ता खर्च लेखेको छ । ऐनको व्यवस्था बिपरित कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन । उल्लिखित कमजोरीमा सुधार हुनुपर्दछ ।

---

१५. **आर्थिक सहायता** – कुनै व्यक्ति तथा संस्थालाई आर्थिक सहायता उपलव्ध गराउने व्यवस्था स्थानिय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएको देखिदैन । आर्थिक सहायता तथा वितरणमुखि कार्यक्रमले पूँजि निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पूँजिगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले खास प्रतिफल नदिने हुन्छ । यस्तो वितरणमुखि एवं आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने भनी गतविगतमा सुझाव दिंदै आएको भएतापनि पालिकाले विभिन्न व्यक्तिहरुलाई

बाढी पिडित राहत, बेसहारा खाद्यान्न, औषधीउपचार लगायतको लागि उद्दार, राहत र पुनर्स्थापना लगायतमा रु १६,२२,२३१ खर्च लेखेको छ । यो बर्ष पालिकाको आन्तरिक आय जम्मा रु १८१६३८३ मात्रै रहेकोमा यस्तो खर्चलाई निश्चित विधि र मापदण्डको बिकास गरी नियन्त्रण र प्रतिफलमुखी बनाउनुपर्दछ ।

१६. **भ्रमण अभिलेख एवं प्रतिबेदन -** भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची—६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा अनुगमन तथा भ्रमण गरेको भनी गाउँपालिका चालु तर्फ अनुगमन तथा मूल्याङ्कनमा रु ११,९४,८०० खर्च लेखेको छ ।कतिपय भ्रमण खर्चमा भ्रमण प्रतिवेदन समावेश गरेतापनि त्यस्तो प्रतिवेदनमा भ्रमणको उद्देश्य र सो बमोजिम प्राप्त उपलब्धी जस्ता बिषयबस्तु समावेश नगरी केबल अवधि र स्थानमात्र उल्लेख गर्ने गरेको पाइयो । नियमाबलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१७. **अनुदानको उपयोग -** पालिकाले विभिन्न कार्यक्रमको लागि कार्यालयले निम्नानुसार व्यक्ति, तथा समूहहरुलाई अनुदान रकम भुक्तानी दिएको छ । कार्यालयले सहकारी तथा कृषक समूह मार्फत गरेको खर्चबाट कृषि क्षेत्रको उत्पादकत्व वृद्धि, रोजगारी, सेवा जस्ता क्षेत्रमा के कस्ता उपलब्धीहरु प्राप्त भयो मूल्याकंन गरेको देखिएन । तसर्थ लाभग्राही छनौट देखि अनुदानको रकमको उपयोग तथा त्यसबाट प्राप्त लाभ सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्ने देखिन्छ ।

| भौचर नं | कार्यक्रमको नाम | अनुदान रकम |
|---|---|---|
| १३७ | आलु, राजमा बिउँ बितरण | १५०००० |
| १५३ | राजमा खेती कार्यक्रम वडा नं २ | २७०००० |
| १५७ | राजमा खेती कार्यक्रम वडा नं १ | ५१२८४८ |
| २०० | राजमा बिउँ | ९९४५० |

१८. **नामनामेसी नखुलेको धरौटी -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को दफा ६६ मा धरौटी रकम फिर्ता पाउने व्यक्तिले धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानुनले तोकको भएमा सोही अवधिभित्र, म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम सम्बन्धी कारबाही अन्तिम रुपमा समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता पाउन सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्ने र तोकिएको म्याद भित्र फिर्ता लिन नआएमा कानून बमोजिम को कार्यविधि अपनाई कार्यालय प्रमुखले राजस्वमा आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । पालिकाको धरौटी खातामा विगत लामो समय देखि नामनामेसी नखुलि पालिकाकै नाममा रु १,६३,,००० धरौटी रकम रहेको देखिन्छ । उक्त नामनामेसी नखुलेको धरौटी रकम तोकिएको कार्यविधि पुर्‍याइ फिर्ता वा सदरस्याहा गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

**१९. शिक्षकको तलबी प्रतिवेदन –** शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष शैक्षिक सत्रको जेठ भित्र तलवी प्रतिवेदन पारित गराई निकासा खर्च लेख्नुपर्नेमा शैक्षिक सत्रको अन्तिम समयमा तलबी प्रतिवेदन पारित गरेको देखिन्छ। सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गतको शिक्षातर्फ २४ माध्यमिक तथा आधारभुत विधालयहरुमा प्रथम त्रैमासिकमा रु १,३८,२७,८६३ दोस्रो त्रैमासिकमा रु १,१२,११,१५४ तेस्रो त्रैमासिकमा रु १,१६,२०,१४८ र चौथो त्रैमासिकमा रु १,०५,६५,६११ गरि कुल रु ४,७२,२४,७७८ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने भएकोले प्रथम त्रैमासिक अगावै तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

**२०. समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ ।पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई यस वर्ष वित्तीय समानीकरण अनुदानबाट शिक्षा क्षेत्रमा कुल रु २,४३,५५,००० खर्च मध्ये २३ विधालयका शिक्षकहरुलाई नियुक्ति गरि रु १,५७,८८,०६६ तलब भत्ता भुक्तानी गरेको पाईयो ।विद्यालयहरुलाई निजी शिक्षकको तलब भत्ता निकासा दिनु पूर्व विद्यालयगत दरबन्दी मिलान गरी तथा शिक्षक विद्यार्थी अनुपात, विद्यालयको स्तरोन्नती, प्राविधिक शिक्षा लगायतका विषयहरु समेत ध्यान दिई आवश्यकताको आधारमा थप शिक्षक एकिन गरी तलब भत्ता रकम उपलब्ध गराउन सकिने भएतापनि सो अनुसार नगरी समानिकरण अनुदानबाट निजी शिक्षकको तलब भत्ता निकासा गर्नु उचित देखिएन ।यसरी खर्च लेख्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

**२१. शैक्षिक तथ्यांक –** गाउँपालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित आ.ब.२०७९/८० को कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएका व्यवस्था बमोजिम गर्नुपर्दछ । कार्यालयले कृयाकलाप नं १.१.४.१ प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान वापत चौमासिक रुपमा तलव भत्ता वापतको रकम सम्बन्धित विद्यालयमा निकासा गरी खर्च लेखेको छ ।विद्यालयलाई तलव भत्ता लगायतका अनुदान उपलव्ध गराउँदा कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS) २०७९ भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउन पर्नेमा विद्यालयले भरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको सम्बन्धमा गाउँपालिकाले निरीक्षण गर्ने एवं प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा गाउँपालिकाले उपलव्ध गराएको अनुदान रकम सही हो भनी यकिन गर्न सकिएन ।

**२२. विद्यालयगत निकासा रजिष्ट्रर -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ ।कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन ।जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नुपर्दछ ।

२३. **मुल्य अभिबृद्धि कर –** ........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२३ को निर्णयबाट रु.३६४,५४७ सम्परीक्षण गरिएको ।)

---

२४. **च्याउखेती तालिम –** पालिकाले भौचर नं १९९ मिति २०८०।३।२३ बाट मल्देश बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई वडा नं ३ र ४ का एकल महिलाहरुलाई च्याउ खेती सिप विकास तालिमबापत रु ५,००,००० भुक्तानी गरेको छ । सहकारीले पेश गरेको बिल भर्पाई अनुसार कालो पोलिहाउस र टिन ड्रम १३ थान खरिद गरेको मध्ये १२ थानको बितरण भर्पाई समावेश गरेको तर एक/एक थान मूल्य रु १७०८२ को बितरण भर्पाई समेत भएको नदेखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,०८२ |

---

२५. **4G मा आधारित ब्रोडव्याण्ड इन्टरनेट सञ्चालन -** पालिका भरीका २१ वटा सामुदायिक आधारभूत विद्यालयहरुमा कम्तिमा २० एम.वि.पि.एस क्षमताको नन्-डेडिकेटेड ब्रोडव्याण्ड इन्टरनेट पुऱ्याउने कार्यका लागि जडान खर्च र दुई वर्षको महशुल खर्च दिने गरी नेपाल दूरसञ्चार प्राधिकरण र पालिका बीच ०७९/३/७ मा सम्झौता, गाउँपालिका र २१ वटा विद्यालय वीच विभिन्न मितिमा सम्झौता र त्यस पछी २१ वटा विद्यालय र एउटै सेवा प्रदायक (शाग्रिला इन्फरमेटिक्स प्रा.लि.) बिच विभिन्न मितिमा 4G मा आधारित ब्रोडव्याण्ड इन्टरनेट सेवा सञ्चालनका लागि ब्रोण्डव्याण्ड सि.पि.ई डिभाईस आपूर्ति/जडान गर्ने कार्य मा छुट्टा छुट्टै सम्झौता गरी २१ वटा विद्यालयको नाममा निकासा दिई सो मार्फत कुल रु १५,५१,९०० भुक्तानी दिइएको छ । यस सम्बन्धी देखिएका केही व्यहोरा देहाय अनुसार छनः

• पालिकाले एउटै प्रकृतिको कार्यलाई एकमुष्ट लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद गरी विद्यालयहरुमा जडान गर्न सकिनेमा प्रत्येक विद्यालयसँग छुट्टा छुटै सम्झौता गरी विद्यालयलाई एउटै सेवा प्रदायकसँग छुट्टा छुट्टै सम्झौता गर्न लगाई गरिएको खरिद कार्यमा मितव्ययी, पारदर्शी, तथा प्रतिस्पर्धात्मक तरिकाले सेवा प्रदायक छनौट भएको छ भनी आश्वस्त हुन सकिएन,

• जडान भएको उपकरणको अभिलेख राखे/नराखेको पेश भएन्,

• पालिकाले रकम निकासाका लागी नेपाल दूरसञ्चार प्राधिकरणले सिफारिस गरेतापनि वास्तविक रुपमा विद्यालयहरुमा सो सञ्चालन छ छैन सो को अभिलेख खुल्ने गरी अनुगमन गरेको छैन्,

• सेवाको गुणस्तरका र प्रभावकारीता सम्बन्धमा अनुगमन तथा निरीक्षण भएको छैन्,

उल्लिखित कमजोरीहरुमा सुधार गरी विद्यालयहरुमा इन्टरनेट सेवा प्रभावकारी बनाईनुर्दछ ।

---

२६. **उपकरण -** प्रदेश तथा स्थानिय तहमा सशर्त बित्तिय हस्तान्तरण भएका कृषि बिकास कार्यक्रम सन्चालन सम्बन्धि कार्यबिधि,२०७८ को दफा ५ मा अनुदान रकमको सीमा र प्रतिशत उल्लेख भएको, सुदुरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्दन नियमावली,२०७९ को नियम ९ को उपनियम ३ मा कृषि यन्त्र औजार तथा उपकरण अनुसुचि-९ मा उल्लेखित ब्यबस्था अनुसार निजि तथा समुहलाई अधिकतम ५०-५०% सम्म अनुदान

उपलब्ध गराउने ब्यबस्था देखिन्छ । पालिकाले कृषि तथा पशू बिकास कार्यक्रम संचालन गर्न उल्लेखित कार्यबिधि भन्दा भिन्न हुने गरी साझेदारी ८०-२०% हुने गरी कार्यबिधि तयार गरेको छ । कार्यालयले अनुदान रकम निर्धारण प्रयोजनको लागि सूचना प्रकाशन नगरी विभिन्न आपूर्तकबाट दर माग गरी न्यून इकाइ दरलाई आधार लिएको जनाएको भएतापनि दर माग गर्दा उपकरणहरुको स्पेशिफिकेसन उल्लेख गरेको पाइएन । बस्तुको मूल्य कायम गर्न सो मा अन्तरनिहित गुण तथा बिशेषताले मुख्य भूमिका खेल्ने हुदा कार्यालयले स्पेशिफिकेसन उल्लेख नगरी दर माग गर्नु उचित देखिएन । साथै पालिकाले उल्लेखित ब्यबस्था अनुसार अनुदान उपलब्ध गराउनु पर्नेमा कार्यबिधि को पालना बेगर सत प्रतिशत अनुदान उपलब्ध गराउदा निम्नासनुसार २० % हुने रु.१६,५३,०९० पालिकालाई थप ब्ययभार पर्न गएको देखियो । उपलब्ध गराएका सामाग्री जडान भएको प्रमाण तथा प्राबिधिक प्रतिबेदन नहुनु, स्पेशिफिकेसन अनुसार सामाग्री प्राप्त भए नभएको एकिन नहुनु, संघिय तथा प्रदेशको कार्यबिधि भन्दा भिन्न हुने गरी कार्यबिधि तयार हुनु, पालिकाले तयार गरेको कार्यबिधि अनुसार साझेदारी नजुटाउनु जस्ता कमि कमजोरी देखिएको तथा कार्यबिधि पालना नगरी थप ब्ययभार हुने गरी खर्च लेख्नु उचित नदेखिएको रु.

| भौ.नं./मिति | फर्मको नाम | विवरण | भुक्तानी रकम | बढि रकम |
|---|---|---|---|---|
| ८२-०८०-२-३० | सिद्दी सिद्दी एग्रोटेक एण्ड मेशिनरी | मिनिटिलर-२ थान | २००००० | २०००० |
| ८४-०८०-२-३० | लोथ्याल निर्माण सेवा | तेल पेल्ने चक्की | ८२११२० | १६४२२४ |
| ८६-०८०-२-३१ | न्यू श्री एस.के.सप्लायर्स एण्ड हार्डवेयर्स | कुटानी पुसानी सहित सुधारिएको घट्ट | ४०६४४० | ८१२८८ |
| | संघिय चालु तर्फ | | | |
| ९३-०८०-१-२२ | १६ कृषक समुह | पोलिहाउस खरिद तथा बितरण | ४८३४०४ | ९६६८० |
| १२८-०८०-२-३२ | ८८ कृषक | खायन आलु | ९१०००० | १८२०००० |
| १२८।०८०।२।३२ | ६० कृषक | ओखर पकेट | ५८६५०० | ११७३०० |
| १२८।०८०।२।३२ | २२ कृषक | स्याउ पकेट | ५९३३९० | ११८६७८ |
| १२८।०८०।२।३२ | १४९ कृषक | आलु पकेट | ४८६००० | ९७२०० |

| | | | | |
|---|---|---|---|---|
| १०५।०८०।१।१७ | ९ कृषक समुह | बोयर बोका खरिद | ४१६००० | ८३२०० |
| ९०।०८०।१।२२ | २० कृषक समुह | थुमा बोका खरिद | ८३२५०० | १६६५०० |
| १५५।३।२३ | विभिन्न कृषक | उन प्रशोधन मेसिन तथा इलेक्ट्रोनिक चर्खा, कैचि | २०००००० | ४००००० |
| १५३।०८०।२।२९ | विभिन्न कृषक | राजमा खेती कार्यक्रम | २७०००० | ५४००० |
| १५७।०८०।२।३० | विभिन्न कृषक | राजमा खेती कार्यक्रम | ३६०१०० | ७२०२० |
| जम्मा | | | | १६५३०९० |

| | |
|---|---|
| अनियमित भएको | १६,५३,०९० |

२७. **मसलन्द खर्च -** नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ को ७.१.१५ (६) मा सबै प्रकारका गोष्ठी, सेमिनार, कार्यशालाका लागि स्टेशनरी खर्च गाउँपालिका स्तरमा प्रति सहभागि रु ५० र प्रशिक्षण कार्यका लागि प्रति कार्यक्रम रु १,०००,प्रमाण पत्र,पानी, सरसफाई, तुल इत्यादिका लागि प्रति ७ दिने कार्यक्रम सम्मको लागि रु. ५०० तोकिएको छ । पालिकाले ५ दिने प्रा.वि.स्तरीय र २ दिने नि.मा.वि/मा.वि. स्तरिय पेसागत क्षमता विकास तालिममा सहभागी ५५ र अन्य ९ जना गरी कुल ६४ जनाका लागी उपपयुक्त निर्देशिका अनुसार स्टेशनरी वापत् रु ९,२०० खर्च लेख्नु पर्नेमा रु २५,७९५ खर्च लेखेको छ । उल्लेखित खर्च उक्त निर्देशिकाले तोके भन्दा बढी लेखि थप व्ययभार पारेको रु

| | |
|---|---|
| अनियमित भएको | १६,५९५ |

२८. **प्रोत्साहन अनुदान -** स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित "कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० मा प्रत्येक स्थानीय तहले विधार्थीहरुको सिकाई उपलब्धी अभिवृद्धी गर्नको लागि प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्बन पुस्तिका अनुसार निम्नानुसार बिध्यालयलाई रु. ४,००,००० उपलब्ध गराएकोमा कार्यक्रम कार्यान्वन पुस्तिकाले तोके बमोजिम प्रस्ताब पेश गर्न नलगाएको, निकासा रकम खर्च पुष्टी हुने बिबरण खर्च साथ संलग्न नरहेको जस्ता कमिकमजोरी देखिएकोले अनुदान रकम सही प्रयोग तथा खर्च भएको सुनिश्चितता गर्नुपर्ने रु

| सि.नं. | बिध्यालयको नाम | बिबरण | निकासा रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | भवानी मा.बि सौगन्ना | उत्कृष्ट नतिजाको आधारमा सिकाई सुढृढिकरण | २००००० |
| २ | डाडा वाग आ.बि लुम्ती | कार्यसम्पादनमा आधारित अनुदान | ५०००० |
| ३ | सिद्दनाथ आ.बि दैभात | कार्यसम्पादनमा आधारित अनुदान | ५०००० |
| ४ | भुमिराज आ.बि चौकिबगर | कार्यसम्पादनमा आधारित अनुदान | ५०००० |
| ५ | गौरी शंकर आ.बि मन्जरे | कार्यसम्पादनमा आधारित अनुदान | ५०००० |
| जम्मा | | | ४००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,००,००० |

२९. **शैक्षिक प्रतिवेदन -** अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक गाउँपालिकले गाउँ सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउन पर्ने उल्लेख छ । गाउँपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन

३०. **न्यायिक समिति तालिम -** अर्थ मन्त्रालयले तयार गरेको कार्य सञ्चालन निर्देशिका २०७७ मा तालिम कार्यक्रमहरुको लागि खर्च सम्बन्धीत मापदण्ड तोकेको छ । उक्त निर्देशिकामा तालिम केन्द्र बाहेक अन्य निकायले आयोजना गर्ने तालिममा प्रशिक्षकलाई पारिश्रमिक र कार्यपत्र बापतको रकम स्पष्ट उल्लेख गरेको छ । पालिका आफैले तालिम लगायतका कार्यक्रमहरुको लागि छुट्टै मापदण्ड वा निर्देशिका तयार नगरेको अवस्थामा उक्त निर्देशिका बमोजिम खर्च गर्नुपर्नेमा नगरी निम्न प्रशिक्षकलाई गाउँपालिकाको चालु तर्फ भौचर नं ४८ बाट बढी भुक्तानी दिएको पाइयो । बढी भुक्तानी रकम सम्बन्धीतबाट असुल गर्नुपर्ने रु

| प्रशिक्षक | सेसन संख्या | भुक्तानी लिएको दर | निर्देशिकाले तोकेको दर | बढी भुक्तानी (कर पछीको रकम) |
|---|---|---|---|---|
| लक्ष्मण खनाल | ९ | २००० | १४०० | ४५९० |
| हरिशचन्द्र जोशी | ७ | २००० | १४०० | ३५७० |
| जम्मा | | | | ८१६० |

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ८,१६० |

३१. **विविध खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विविध खर्च वापत रु. १३,९४,१४२ खर्च लेखेको छ । यस्तो खर्च खाना, चिया, खाजा लगायतमा खर्च हुने गरेको देखिन्छ । पालिकाको यो बर्षको कुल आन्तरिक आय रु १८,१६,३८३ मात्रै रहेको र विविध खर्च मात्रै कुल आन्तरिक आयको ७६.७५ प्रतिशत रहेको देखिन्छ । कानूनी रुपमा मापदण्ड तोकेर मितव्ययी रुपमा खर्च गर्न सकिने भएतापनि पालिकाले यस्तो खर्चमा कुनै मापदण्ड बिकास नगरेको, स्थानीय कार्य सञ्चालन निर्देशिका तयार गरेतापनि सो को प्रभावकारी कार्यान्वयन गर्न नसकेको, बिल बिजक भौचर साथ राख्ने गरेतापनि प्रयोजन र औचित्यता तथा आधार पुष्टी गर्ने नगरेको जस्ता कमजोरीहरु देखिएका छन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३२. **सवारी साधन मर्मत -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ ।त्यस्तै नियम ३९ (५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरी सवारी साधन मर्मत शिर्षकमा एम्बुलेन्स मर्मतको लागि रु १,४५,८९४ खर्च लेखेको छ । नियमको पालना तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

३३. **इन्धन खर्च -** आर्थिक कार्यविधि तथा बित्तीय उतरदायित्व नियमावली २०७७ को दफा ३९ (५) अनुसार खर्चको बील भर्पाई सहितको लेखा राख्नु पर्दछ । पालिकाले इन्धन कार्यालय प्रयोजनमा सवारी लगबुक बिना रु १,६३,७१० खर्च गरेको छ । म.ले.प.फा.न ९०५ सवारी साधनको लगबुक राखेर मात्र यस्तो खर्च लेखिनुपर्दछ ।

३४. **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन -** विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को नियम ६ क को उपनियम ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु ५ लाख रुपैंयासम्मको परामर्श सेवा सोझै खरिद गर्नसकिने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु ७,३१,८५३ खर्च गर्दा उल्लिखित व्यवस्थाको पालना गरेको पाइएन । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यम प्रयोग गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ ।

३५. **कार्यालय सम्बन्धि खर्च -** कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय सामाग्रीमा रु. २०,७३,६९६ खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन

गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ ।

३६. **घर भाडा** - पालिकाले घरभाडा शिर्षकमा यो बर्ष रु ५,८४,१६० खर्च गरेको पाइयो । कार्यालय प्रयोजनको लागि घर भाडामा लिई खर्च गर्नु स्वभाविक भएतापनि पदाधिकारी तथा कर्मचारीलाई आवास प्रयोजनको लागि भाडामा लिदा आवश्यकता तथा औचित्यताको आधारमा कार्यविधि बनाई खर्च गर्नुपर्दछ । भौचर नं १७९ मिति २०८०।३।२१ बाट महाकाली नगरपालिका स्थित जिल्ला सदरमुकाममा उपाध्यक्ष निवास प्रयोजन भनी घर भाडा स्वरुप मासिक रु ६,००० को दरले हुने रकममा भाडा कर घटाई रु ६४,८०० घरधनीलाई भुक्तानी दिएको पाइयो । पालिकाको कार्यक्षेत्र बाहिर घर भाडामा लिई खर्च लेख्नु औचित्यपूर्ण नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ६४,८०० |

३७. **बितरणमुखी कार्यक्रम** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(६) मा गाउँपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन र मूल्यांकन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले उल्लिखित व्यवस्था अनुरुप योजना तयार नगरी निम्नानुसार अनुउत्पादक तथा बितरणमुखी कार्यक्रममा समेत खर्च गर्ने गरेको देखियो । साथै समानहरु खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुरुप लागत अनुमान समेत तयार नगरी खरिद गरेको देखिन्छ । यसरी पट्के निर्णयको आधारमा र खास प्रतिफल प्राप्त नहुने कार्यक्रममा खर्च गर्ने र खरिद गर्दा सार्वजनिक खरिद नियमावलीले तोकेको प्रक्रिया समेत पुरा नगर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

| भौ नं मिति | कामको विवरण | रकम |
|---|---|---|
| ८६, ०७९।१२।१७ | जेष्ठ नागरिक कम्बल बितरण ३८० थान | ४५६००० |
| १९५, ०८०।३।२२ | अपाङ्ग भत्ता ग र घ वर्ग र एकल पुरुष भत्ता | ६२८२०० |

३८. **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ ।यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वटा वडामा ३६ गोटा योजना सञ्चालन गरी ११११ सुचिकृत बेरोजगार मध्ये यस वर्ष ११३ जनालाई औसत १०० दिनले ११९८६ दिन रोजगारी उपलव्ध गराई रु. ६४,५४,३२२ श्रमिक ज्याला खर्च गरेको छ ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन ।योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

**३९. सामाजिक सुरक्षा भत्ता –** पालिकाले चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा तर्फ जम्मा रु २,३१,७५,२६४ खर्च गरेकोमा यस सम्बन्धि देखिएका व्यहोराहरु निम्नानुसार छनः

३९.१ **नविकरणको विवरण अद्यावधिक –** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ५ (१) मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र सामाजिक सुरक्षा नियमावलीको नियम ९ बमोजिम लाभग्राहीको नविकरणको अभिलेख अनिवार्य रुपमा प्रणालीमा अध्यावधिक गर्नु पर्ने, उपदफा २ मा उक्त विवरण अद्यावधिक नभई सामाजिक सुरक्षा भत्ता वितरण गर्न नपाइने व्यवस्था छ । पालिकाका सबै वडाहरुको नविकरणको विवरण अद्यावधिक गरेको देखिएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम लाभग्राहीहरुको नविकरणको विवरण अद्यावधिक गरेर मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्दछ ।उदाहरणको रुपमा प्रथम चौमासिकमा नविकरण भएका र भत्ता वितरण भएका लाभग्राहीहरुको विवरण निम्नानुसार छ । यस सम्बन्धमा पालिकाले समयमै अद्यावधिक गरी सोहि अनुसार भुक्तानी गरिएको तर अहिले सिष्टममा समस्याका कारण कम देखिएको जनाएको छ ।

| वडानं | नविकरणभएका लाभग्राहीको संख्या | थप भएका लाभग्राहीको संख्या | लगतकट्टा भएका लाभग्राहीको संख्या | जम्मा | भत्तावितरण भएका लाभग्राहीको संख्या |
|---|---|---|---|---|---|
| १ | ५१ | ७ | १ | ५७ | ४९ |
| २ | २ | १३ | ० | १५ | ८६ |
| ३ | १३५ | १४ | १ | १४८ | १४९ |
| ४ | १३८ | २० | २ | १५६ | १५८ |
| ५ | ४१ | १० | २ | ४९ | ४९ |
| ६ | ९९ | ११ | १ | १०९ | ११० |
| जम्मा | 466 | 75 | 7 | 534 | 601 |

३९.२ **निष्कृय खाताको विवरण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ मा खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले लाभग्राहीका खाताहरु मध्ये निष्कृय खाताको विवरण (एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राही को विवरण) सम्बन्धित स्थानिय तहलाई दिनु पर्ने व्यवस्था छ ।लेखापरिक्षण अवधिभर सो सम्बन्धित विवरण माग गर्दा उपलब्ध हुन नसकेकोले निष्कृय खाताको अवस्था एकिन हुन सकेन ।

३९.३ **लाभग्राहीको अभिलेख-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची ३ बमोजिम लक्षित समूह अनुसार छुट्टा छुट्टै अध्यावधिक गरी स्थानिय तह र प्रत्येक वडा कार्यालयमा राख्नु पर्ने व्यवस्था छ । नगरकालिकाले लाभग्राहीको फोटो सहितको मूल अभिलेख वडा कार्यालयमा भएको जनाएको छ।लाभग्राहीको फोटो सहितको मुल अभिलेख वडामा भएको र सिस्टममा इन्टरनेटको अवरोधका कारण लगत कट्टी को अवस्था एकिन गर्न सकिएन । पालिकाको कार्यालयमा मा समेत अभिलेख राख्ने व्यवस्था गरिनु पर्दछ ।

---

३९.४ **पारदर्शिता कायम गर्नु पर्ने -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ मा २) स्थानीय तहले भुक्तानी गरेको रकम बुझी लिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नु पर्ने, उपदफा ३ मा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। नगरपालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली आफ्नो वेभसाइटमा राख्नु पर्नेमा राखेको छैन् । सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रक्रियालाई पारदर्शि बनाउन नगरपालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली आफ्नो वेभसाइटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्दछ ।

---

४०. **स्यानिटरी प्याड –**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने र विधालयहरुसँग समन्वय गरि मौज्दातको स्थिति समेत यकिन गरि वितरण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ४५० जना रहेका छन। पालिकाले यो वर्ष विगतको मौज्दात अवस्था आंकलन नगरि कोटेशन मार्फत ९००० थान स्यानिटरी प्याड प्रति दर रु ६९ ले खरिद गरि कुल रु ६,२१,००० खर्च लेखेको छ पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि वितरण गरेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी आउने हुँदा विधालयको भौतिक अनुगमन र भण्डारणको स्थिति समेत मुल्यॉंकन गरि प्याड खरिद तथा वितरण गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ।

---

४१. **सामाजिक परीक्षण र वित्तीय लेखापरीक्षण –** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० बमोजिम यस नगरपालिका २३ विद्यालयलाई क्रमशः १५ हजार र १० हजारका दरले सार्वजनिक परीक्षण तथा लेखापरीक्षण बापत रु.२,५०,००० अनुदान दिएकोमा सामुदायिक विधालयहरुले पारदर्शिता र जवाफदेहिता सुनिश्चितताका साथ दोस्रो चौमासिक निकाशा दिंदा सम्म सामाजिक परीक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा लेखापरीक्षण अवधिसम्म आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन। नियममा व्यवस्था भए बमोजिमको कार्य गराउनेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

---

४२. **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) –** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७९।८०) मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराइ

सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १—८) प्रति विद्यार्थी वार्षिक रु ४०० का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १—५ प्रति विद्यार्थी वार्षिक रु १५० का दरले, कक्षा ६—१० प्रति विद्यार्थी वार्षिक रु २०० का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु ५०० का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु २०० का दरले अनुदान दिने व्यवस्था छ ।कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन।जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सोही आधारमा मात्र अनुदान निकासा दिनुपर्दछ ।लेखापरीक्षणको क्रममा निम्न विधालयहरुको EMIS को DATA हेर्दा फरक परेकोले तपशिलमा उल्लेखित बढी निकासा असुल गरि सँघिय सञ्चितकोष दाखिला गर्नुपर्ने रु

| विधालयको नाम | क्रियाकलाप | कक्षा | सत्यापन सँख्या | EMIS सँख्या | बढी सँख्या | प्रति दर | बढी निकासा |
|---|---|---|---|---|---|---|---|
| सरस्वती आवि मरखोला | शिक्षण सिकाई | १ | १६ | १७ | १ | १०० | १०० |
| महादेव प्रावि खडियान | PCF | १-५ | २९ | ४४ | १५ | १५० | २२५० |
| सरस्वति आवि मरखोला | PCF | ६-८ | ८४ | ८५ | १ | २०० | २०० |
| खण्डेश्वरी मावि क्षत्ती | PCF | ४ | ९ | १० | १ | १५० | १५० |
| खण्डेश्वरी मावि क्षत्ती | PCF | ८ | ३० | ३२ | २ | २०० | ४०० |
| तामाखानी आवि चौबिसन | PCF | ३ | १२ | १४ | २ | १५० | ३०० |
| सरस्वती आवि मरखोला | PCF | १ | ८ | १६ | ८ | १५० | १२०० |
| सरस्वती आवि मरखोला | शिक्षण सिकाई | १ | ८ | १६ | ८ | १०० | ८०० |
| सरस्वती आवि मरखोला | PCF | ७ | १७ | १८ | १ | २०० | २०० |
| सरस्वती आवि मरखोला | ECD | बा वि | १५ | २९ | १४ | ५०० | ७००० |
| सरस्वति आवि मरखोला | दलित छात्रवृती | १-८ | २९ | ३२ | ३ | ४०० | १२०० |
| अपिनप्पा प्रावि पाटू | छात्रा छात्रवृती | १-५ | १४ | १५ | १ | ४०० | ४०० |
| जम्मा | | | | | | | १४२०० |

(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२३ को निर्णयबाट रु. ५,३२० सम्परीक्षण गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,२०० |

४३. **शिक्षक विधार्थी अनुपात -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत विभिन्न तहका २४ सामुदायिक विद्यालयहरुको शिक्षक र विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।तल उल्लेखित प्राप्त विवरण अनुसार श्री छिपुलकेदार मा.वि.धकंमा २०६ विधार्थी सँख्या रहेकोमा २ शिक्षकको पदपुर्ति रहेको देखिन्छ भने श्री भुमिराज आ.वि.चौकिबगर र श्री महादेव आ.वि.ल्वाथीमा १८ विधार्थी रहेकोमा समेत २ शिक्षक पदपुर्ति रहेको देखिन्छ । त्यसैगरि श्री हिमालय आ.वि. पाथामा ६५ विधार्थी रहेकोमा ५ जना शिक्षक दरवन्दी रहेको देखिन्छ भने श्री सरस्वती आ.वि. मरखोलामा १७२ विधार्थी हुँदा समेत ३ शिक्षक दरवन्दी रहेको देखिन्छ ।अतः पालिकाले शिक्षक विधार्थी अनुपात अनुसार दरबन्दी मिलान गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| सि.नं. | विद्यालयको नाम | स्थायी | अस्थायी | राहत | जम्मा | विद्यार्थी |
|---|---|---|---|---|---|---|
| | | शिक्षक | शिक्षक | शिक्षक | | संख्या |
| १ | श्री महादेव आ.वि.ल्वाथी | २ | | | २ | १८ |
| २ | श्री भवानी आ.वि. सिती | ३ | | १ | ४ | ९९ |
| ३ | श्री महादेव मा.वि. घुसा | ३ | | ४ | ७ | १८५ |
| ४ | श्री अपिनाम्पा आ.वि. पाटु | | | | | ३७ |
| ५ | श्री सिद्धनाथ आ.वि. दैभात | | | २ | २ | १९ |
| ६ | श्री दुदिला भवानी आ.वि. झुस्कु | १ | | | १ | ४ |
| ७ | श्री सुर्माभवानी आ.वि. थुम्ती | ३ | | | ३ | ५९ |
| ८ | श्री महादेव आ.वि. काटै | १ | | | १ | १७ |
| ९ | श्री हिमालय आ.वि. पाथा | ३ | २ | | ५ | ६५ |
| १० | श्री सिद्धनाथ आ.वि. घाजिर | | २ | | २ | ३१ |
| ११ | श्री खण्डेश्वरी मा.वि. क्षेत्ती | १० | ८ | २ | २० | ४५४ |
| १२ | श्री तामाखानी भगवती आ.वि.चौविसन | १ | | २ | ३ | ९३ |
| १३ | श्री सरस्वती आ.वि. मरखोला | २ | १ | | ३ | १७२ |
| १४ | श्री भवानी मा.वि.सौगन्ना | २ | २ | १ | ५ | २२५ |
| १५ | श्री डाँडाबाग आ.वि. लुम्थी | २ | | १ | ३ | ६१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | श्री चौलानी आ.वि. तल्लोफेर | | | | | ४२ |
| १७ | श्री भुमिराज आ.वि.चौकिबगर | | | २ | २ | १८ |
| १८ | श्री गौरीशंकर आ.वि.मज्जे | | ३ | | ३ | ४२ |
| १९ | श्री सानो आ.वि. माङदाङ | १ | | | १ | ३९ |
| २० | श्री छिपुलकेदार मा.वि.धकं | २ | | | २ | २०६ |
| २१ | श्री महादेव आ.वि. खडियान | २ | | | २ | ४४ |
| २२ | श्री भवानी आ.वि. ककनाडी | | | | | २६ |
| २३ | श्री महादेव आ.वि. राङपाङ | | | २ | २ | १८ |
| २४ | श्री भवानी आ.वि. देउली | | | | | १० |
| जम्मा | | ३८ | १८ | १७ | ७३ | १९८७ |

४४. **पाठ्यपुस्तक अनुदानमा बढी निकासा –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रकममध्ये खर्च नभएको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ। शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.४.६.१. मा सार्वजनिक विधालयका विधार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान वापत शैक्षिक सत्रको शुरुवातमै ७५ प्रतिशत अनुदान निकासा गर्ने र पाठ्यपुस्तक खरिद गरि वितरण भरपाई सहित खरिद गरेको विल भरपाई पेश गरि बाँकी २५ प्रतिशत अनुदान सोधभर्ना गर्नुपर्ने व्यवस्था छ ।यस वर्ष पालिकाले २४ विध्यालयमा पाठ्यपुस्तक अनुदान वापत ७५ प्रतिशतले हुन आउने पहिलो किस्तामा रु ७,६५,७९९ र विल बमोजिमको थप निकासा दोस्रो किस्ता वापत रु ३,८७,६३२ समेत गरि कुल रु ११,५३,३३२ अनुदान निकासा गरेको छ।तपशिलमा उल्लेखित विधालयको पाठ्यपुस्तक खरिदमा विल रकम भन्दा अनुदान निकासा बढी हुन गएको देखिएकोले सम्बन्धित विधयालयबाट असुल गरी सङ्घीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु

| विध्यालयको नाम | विल रकम | निकासा रकम | बढी निकासा | कैफियत |
|---|---|---|---|---|
| भवानी आवि देउली | ० | २५०० | २५०० | मर्ज भईसकेको |
| चौलानी आवि तल्लोफेर | ९५४२ | ११३४२ | १८०० | बढी निकासा |
| जम्मा | | | ४,३०० | |

(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२३ को निर्णयबाट रु. ३,६०५ सम्परीक्षण गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,३०० |

४५. **पाठ्यपुस्तक अनुदान -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.४.६.१. मा सार्वजनिक विधालयका विधार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान वापत शैक्षिक सत्रको शुरुवातमै ७५ प्रतिशत अनुदान निकासा गर्ने र पाठ्यपुस्तक खरिद गरि वितरण भरपाई सहित खरिद गरेको विल भरपाई पेश गरि बाँकी २५ प्रतिशत अनुदान सोधभर्ना गर्नुपर्ने व्यवस्था छ ।यस वर्ष पालिकाले २४ विध्यालयमा पाठ्यपुस्तक अनुदान वापत गो. भौ. न. ६२ मिति २०७९।१२।१९ मा रु ७,६५,७०० र थप निकासा गो. भौ. न. १५१ मिति २०८०।३।२२ मा रु ३,८७,६३२ गरि कुल रु ११,५३,३३२ अनुदान निकासा गरेको छ। पालिकामा २४ विध्यालयको पाठ्यपुस्तक खरिद गरेको विल भरपाई लेखापरीक्षणको समयमा परीक्षण गर्दा EMIS को विधार्थी सँख्या भन्दा बढी मात्रामा पाठ्यपुस्तक खरिद गरेको विल बमोजिमको रकम थप निकासा अनुदान दिएकोले तपशिलमा उल्लेखित विधालयबाट असुल गरी सङ्घीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु...

| विधालयहरुको नाम | कक्षा | विलमा सँख्या | EMIS सँख्या | बढी सँख्या | प्रति दर | बढी निकासा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| चिपुलकेदार मावि | ९ | ३० | ६ | २४ | ७७४ | १८५७६ | अनिवार्य विषय |
| चिपुलकेदार मावि | ९ | ३० | ६ | २४ | १२९ | ३०९६ | ऐच्छिक विषय |
| महादेव मावि घुषा | २ | १६ | १२ | ४ | ५५६ | २२२४ | अनिवार्य विषय |
| महादेव मावि घुषा | ३ | १० | ७ | ३ | ५८० | १७४० | अनिवार्य विषय |
| महादेव मावि घुषा | ५ | २३ | १९ | ४ | ६४० | २५६० | अनिवार्य विषय |
| महादेव मावि घुषा | ६ | १६ | १३ | ३ | ७१२ | २१३६ | अनिवार्य विषय |
| महादेव मावि घुषा | ७ | १० | ७ | ३ | ७५२ | २२५६ | अनिवार्य विषय |
| महादेव मावि घुषा | ९ | २५ | १६ | ९ | ७७४ | ६९६६ | अनिवार्य विषय |
| महादेव मावि घुषा | ९ | २५ | १६ | ९ | १२९ | ११६१ | ऐच्छिक विषय |
| महादेव मावि घुषा | १० | २३ | २० | ३ | ९१९ | २७५७ | अनिवार्य विषय |
| महादेव मावि घुषा | १० | २३ | २० | ३ | १४१ | ४२३ | ऐच्छिक विषय |
| अपिनप्पा प्रावि पाटु | १ | १० | ४ | ६ | ५२० | ३१२० | अनिवार्य विषय |
| खण्डेश्वरी मावि | १ | १२ | ८ | ४ | ५२० | २०८० | अनिवार्य विषय |
| खण्डेश्वरी मावि | ३ | ११ | १० | १ | ५८० | ५८० | अनिवार्य विषय |
| खण्डेश्वरी मावि | ५ | ११ | ९ | २ | ६४० | १२८० | अनिवार्य विषय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| खण्डेश्वरी मावि | ६ | २० | १५ | ५ | ७१२ | ३५६० | अनिवार्य विषय |
| खण्डेश्वरी मावि | ८ | ३१ | २५ | ६ | ८८७ | ५३२२ | अनिवार्य विषय |
| खण्डेश्वरी मावि | ९ | ७८ | ४८ | ३० | ७७४ | २३२२० | अनिवार्य विषय |
| खण्डेश्वरी मावि | ९ | ७८ | ४८ | ३० | १९२ | ५७६० | ऐच्छिक विषय |
| खण्डेश्वरी मावि | १० | ६८ | ६५ | ३ | ९१९ | २७५७ | अनिवार्य विषय |
| खण्डेश्वरी मावि | १० | ६८ | ६५ | ३ | १४१ | ४२३ | ऐच्छिक विषय |
| तामाखानी आवि | २ | ११ | ५ | ६ | ५५६ | ३३३६ | अनिवार्य विषय |
| तामाखानी आवि | ३ | १० | ७ | ३ | ५८० | १७४० | अनिवार्य विषय |
| तामाखानी आवि | ४ | १५ | ११ | ४ | ६०२ | २४०८ | अनिवार्य विषय |
| तामाखानी आवि | ५ | १० | ७ | ३ | ६४० | १९२० | अनिवार्य विषय |
| तामाखानी आवि | ६ | ७ | ३ | ४ | ७१२ | २८४८ | अनिवार्य विषय |
| तामाखानी आवि | ७ | २१ | १९ | २ | ७५२ | १५०४ | अनिवार्य विषय |
| तामाखानी आवि | ८ | १६ | १४ | २ | ८८७ | १७७४ | अनिवार्य विषय |
| सरस्वती आवि मरखोला | २ | १२ | ८ | ४ | ५५६ | २२२४ | अनिवार्य विषय |
| सरस्वती आवि मरखोला | ३ | २२ | २० | २ | ५८० | ११६० | अनिवार्य विषय |
| सरस्वती आवि मरखोला | ४ | २१ | १६ | ५ | ६०२ | ३०१० | अनिवार्य विषय |
| सरस्वती आवि मरखोला | ५ | १६ | १४ | २ | ६४० | १२८० | अनिवार्य विषय |
| सरस्वती आवि मरखोला | ६ | १८ | १५ | ३ | ७१२ | २१३६ | अनिवार्य विषय |
| सरस्वती आवि मरखोला | ७ | २५ | २३ | २ | ७५२ | १५०४ | अनिवार्य विषय |
| सरस्वती आवि मरखोला | ८ | २० | १२ | ८ | ८८७ | ७०९६ | अनिवार्य विषय |
| जम्मा | | | | | | १,२५,९३७ | |

(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२३ को निर्णयबाट रु. ६,२०९ सम्परीक्षण गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२५,९३७ |

४६. **छात्रावृत्ति अनुदान -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र ECD अनुदान, PCF अनुदान, छात्रवृति अनुदान, कक्षा १ को निरन्तर विधार्थी मुल्याँकन अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले EMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा २३ वटा विद्यालयमा ECD तर्फ रु १,२६,५०० PCF तर्फ रु १९,९०,२५० छात्रा छात्रवृती तर्फ रु २,३७,६०० दलित छात्रवृती तर्फ रु ४०,८०० अपाँङ छात्रवृति तर्फ रु ४,००० र कक्षा १ को निरन्तर विधार्थी मुल्याँकन अनुदान तर्फ रु.२१,४०० गरि कुल रु २४,१४,४०० अनुदान निकासा गरेको छ। EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन ।साथै विद्यालयले छात्रावृत्ति वितरण गरेको भर्पाई पेश भएको छैन । अतः पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ भने विद्यालयले छात्रावृत्ति वितरणको भरपाई पालिकामा पेश गर्नुपर्दछ ।

४७. **इन्टरनेट जडान -** शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित "कार्यक्रम कार्यान्वयन पुस्तिका, आ व ०७९।८० को क्रियाकलाप नं २.७.१३.१० मा प्रत्येक स्थानीय तहले विधालय सञ्चालन तथा व्यवस्थापन अनुदान दिन सक्ने व्यवस्था छ।कार्यालयले सञ्चालन तथा व्यवस्थापन अनुदान मार्फत सामुदायिक विधालयको शैक्षिक कार्यक्रमलाई गति प्रदान गर्न २३ सामुदायिक विद्यालयहरुलाई प्रति विधालय रु १२,००० को दरले रु २,७६,००० इन्टरनेट जडानका लागि अनुदान प्रदान गरिएकोमा सम्बन्धित प्रयोजनमा खर्च भए नभएको एकिन गर्न नसकिएकोले पालिकाले सो सम्बन्धी अनुगमन गर्नुपर्दछ ।

४८. **बढी व्ययभार -** कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप न १.१.४.१. मा प्रारम्भिक बाल विकास शिक्षकको पारिश्रमिक तथा विधालय कर्मचारी व्यवस्थापन अनुदान सम्बन्धी व्यवस्था गरेको छ ।प्रारम्भिक बाल विकास सञ्चालन भएको सामुदायिक विधालयमा प्रति महिना ७,०००। को दरले १ जना बाल विकास शिक्षक र आधारभुत तथा माध्यमिक तह सञ्चालन भएका विधालयहरुमा १ जना विधालय सहयोगी १ जना बाल विकास सहजकर्ता र १ जना लेखा सहयोगी को लागि प्रति महिना ७,०००। को दरले १३ महिना बराबर पारिश्रमिक खर्च निकासा अनुदान दिन सक्ने र नपुग रकम पालिका अनुदानबाट व्यहोर्न सक्ने उल्लेख छ ।पालिकाले २१ विधालयहरुमा एकमुष्ट अनुदान वापत रु १,६६,९२,००० निकासा दिएकोमा निम्न विधालयहरुमा निर्देशिका विपरित १ जना थप विद्यालय भान्छे नियुक्ती गरि १२ महिना बराबरको तलब भत्ता बापत रु ४,८०,००० पालिका अनुदानबाट निकासा खर्च लेखेकोले थप व्यवभार परेको रु

| स्कुलको नाम | पद | सँख्या | प्रति महिना | वार्षिक व्यवभार |
|---|---|---|---|---|
| श्री महादेव मावि घुषा | विधालय भान्छे | १ | ८००० | ९६००० |
| श्री छिपुलकेदार मावि धँक | विधालय भान्छे | १ | ८००० | ९६००० |
| श्री भवानी मावि सौगन्ना | विधालय भान्छे | १ | ८००० | ९६००० |
| श्री सरस्वती मावि मरखोला | विधालय भान्छे | १ | ८००० | ९६००० |
| श्री खण्डेश्वरी मावि क्षेत्ति | विधालय भान्छे | १ | ८००० | ९६००० |

| | | |
|---|---|---|
| जम्मा | | ४८०००० |
| | अनियमित भएको | ४,८०,००० |

४९. **निजि शिक्षकको तलब भत्ता बढी निकासा -** ✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२३ को निर्णयबाट रु. ६,४००० सम्परीक्षण गरिएको ।)

५०. **न्यानो झोला कार्यक्रम -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका बर्थिङ सेन्टरमा गत वर्ष मौज्दात २५ थान र यस वर्ष खरिद गरेको ९० थान समेत गरि ११५ थान मध्ये ६१ थान वितरण भई बाँकी ५४ थान मौज्दात रहेको विवरण प्राप्त भएको छ।यस वर्ष प्रति थान रु ८८४ को दरले ९० थान खरिद गरि रु ८९९५३ भ्याट सहित भुक्तानी भएको अभिलेखबाट देखिन्छ । पालिकाले ६१ थान वितरण गरेको प्राप्त विवरणबाट देखिन आए पनि वितरण गरि बाँकी रहेको न्यानो झोला भण्डारमा रहेको छ।साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

५१. **औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।पालिकाले गो भौ नं ७३ मिति २०७९।१२।२० मा मेगा मेडिसिन सप्लायर्सबाट रु ६,५१,२९६ र गो भौ नं १२ मिति २०७९।६।६ मा सहारा मेडिसिन सप्लायर्सबाट रु ४,९६,२९६ समेत गरि रु ११,४७,५९२ को औषधी खरिदमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

१) खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।

२) खरिद गरीएका औषधि निःशुल्क वितरणको लागि भनि लोगो उल्लेख गरेको भएता पनि आपूर्ति हुने औषधि डव्लु.एच.ओ.वाट सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने गरेको पाइएन ।

३) आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

४) जिन्सी कितावमा औषधि आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।

५) औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

---

५२. **अनुगमन मूल्याङ्कन -** लघु उद्यान विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४ मा प्रतिस्पर्धामा छनौंट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने कार्यक्रम अन्तरगत समूह÷फर्म छनौंट गरी गरीवी निवारण एवं विपन्न वर्गको आय आर्जनमा टेवा पु¥याउने उद्देश्यले कार्यक्रम सञ्चालन गर्न सक्ने व्यबस्था रहेको छ ।पालिकाले सबै जसो वडामा नयाँ लघु उद्यमी सिर्जना गर्नका लागि गरीवी निवारण गर्नका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत सिलाई कटाइ तालिम सञ्चालन गरेको छ ।सञ्चालित तालिमबाट के कस्तो उपलब्धी हासिल भयो सो सम्बन्धमा गाउँपालिकाबाट अनुगमन भएको पाइएन ।गरीवी निवारणलाई अन्त्य गरी नयाँ लघु उद्यमी सिर्जना गर्नको लागि सञ्चालित तालिमबाट हासिल भएको सीपलाई व्यवहारमा कार्यन्वयन गरी दिगो रुपमा लघु उद्यम विकाको लागि निरन्तर रुपमा अनुगमन मूल्याङ्कन गरी कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्दछ निर्देशिकामा भएको व्यबस्था अनुसार पालिकाले नियिमत अनुगमन गर्नृ पर्दछ ।

---

५३. **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ।तर पालिकाले बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन ।साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

---

५४. **प्लाष्टिक ड्रम खरिद-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ५ मा खर्च लेख्दा बिल भर्पाईको आधारमा खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले अर्गानिक अपि कार्यक्रम अन्तर्गत विषादि ड्रम खरिद तथा तालिम प्रयोजनको लागि कार्यालयकै कर्मचारीलाई रु ३००००० भुक्तानी दिएको पाइयो । व्यक्ति मार्फत समान खरिद गरी भुक्तानी दिनु उचित देखिएन ।त्यस्तै निज कर्मचारीले तालिममा सहभागी २४ जनालाई रु ९६० को दरले सहभागी भत्ता प्रदान गरेको पाइयो । सहभागीलाई भत्ता सम्बन्धमा पालिकाको आफ्नै खर्च सम्बन्धी मापदण्ड नरहेको तथा अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिकाले तोकेको सिमाको पालना गरेको पाइएन । यसरी मापदण्ड पालना नगरी खर्च गर्ने कर्मचारीलाई जिम्मेवार बनाइनुपर्दछ । उक्त रकममध्ये १६६ ड्रम रु २४९००० मा खरिद भएकोमा २३ ड्रम मूल्य रु ३४५०० को बितरण भर्पाई पेश हुन सकेन । यस सम्बन्धमा पालिकाले उक्त ड्रमहरु मौज्दातमै रहेको उल्लेख गरेको छ । मौज्दातमा रहेको समानको समयमै सदुपयोग गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

---

**५५. पशुजन्य औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।पालिकाले गाउँपालिका चालु शिर्षक तर्फ विभिन्न भौचरबाट पशुजन्य औषधी रु. १०,५९,३१३ को औषधि खरिद गरेको छ । खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको प्रमाण पेश नभएको साथै औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने गरेको पाइएन । औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

**५६. ब्यान्ड -** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२३ वमोजिम प्राबिधिक नाप जाँच गरी वास्तबिक कार्य सम्पादनको आधारमा बिल र विजकको भुक्तानी गर्नुपर्ने व्यबस्था छ । कार्यालयबाट गोश्वारा भौचर नम्बर ५८-०८०-३-२४ मा श्री खण्डेश्वरी माध्यामिक बिध्यालय क्षेत्ती को ४ कोठे भवन निर्माण कार्य भएकोमा प्राबिधिक विलमा Sill band and lintel band for R.c.c कार्यको मापन २.१६ घनमिटर भएकोमा Brick and stone masonry work मा उक्त परिमाण घटाउनु पर्नेमा नघटाएकोले प्रतिघनमिटर रु. ३४८०८ का दरले रु. ७५१८५ बढि मूल्याङ्कन भई भुक्तानी भएकोले सम्बन्धीतबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७५,१८५ |

**५७. खेलकुद कार्यक्रम -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(6) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउन पर्ने व्यवस्था, सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने, बुँदा नं. १०(2) मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ । कार्यालयले उल्लिखित व्यवस्था अनुसार मितव्ययिता नीति अवलम्बन तथा मापदण्ड तयार नगरी राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगितामा कर्मचारिलाई लागत अनुमान तयार समेत नगरी एकमुष्ट नन्दन सिंह ठेकरेलाई गाउँपालिका चालु तर्फको भौचर नं ८४ मित २०७८।१२।१६ मा रु. ३,६४,००० भुक्तानी गरेको छ । पालिका तथा जिल्ला स्तरिय खेलकुद कार्यक्रम वार्षिक रुपमा सन्चालन हुने भएकोले कार्यालयले खर्च को मापदण्ड तयार गरी खर्च गर्नुपर्दछ । रु १ लाख भन्दा बढीको होटल सेवा खरिद गर्दा निश्चित मापदण्डको आधारमा लागत अनुमान तयार गरी र न्यूनतम दर माग गरी प्रतिस्पर्धात्मक रुपमा सेवा खरिद गर्नुपर्नेमा नगरेको रु २० हजार भन्दा बढीको खरिद मूल्य अभिवृद्धि करमा दर्ता भएकासँग खरिद गर्नुपर्नेमा सहभागिलाई खाजा, खाना, होटल बास, यातायात खर्च लगायतमा अधिकांश पान बिल संलग्न गरी खर्च गरेको रकम सम्बन्धमा बास्तबिकता एकिन गरी खर्च रकम मितब्ययी तथा प्रभाबकारी भएको सुनिश्चितता गर्नुपर्दछ ।

**५८. चल्ला खरिद -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १० मा सरकारी रकम भुक्तानी दिदा रित पुगे नपुगेको हेर्नुपर्ने व्यवस्था छ । पालिकाले सुनौलो हजार दिनका आमा तथा एकल

महिलाको लागि गाउँपालिका चालु र संघिय चालु तर्फका विभिन्न भौचरबाट ४६० वटा गिरिराज जातका कुखुराका चल्ला खरिद बापत धनगढीको आइ.पि.के. व्यवसायिक कृषि तथा पशुपालन फर्मबाट रु २१३९०० मा खरिद गरेकोमा ४०८ वटा बितरण भर्पाई राखेको पाइयो । बाँकी ५२ वटा चल्ला ल्याउने क्रममा मृत्यु भएको पालिकाले जनाएको भएतापनि सो पुष्टि हुने गरी मुचुल्का वा अन्य प्रमाण कागजात संलग्न गरेको देखिएन । त्यस्तै गिरिराज जात भनेपनि सो आश्वस्त हुन सकिने गरी आपूर्तिकर्ताबाट जारी भएको बिल बिजकमा कुखुराको जात र उमेर खुलाएको पाइएन । चल्ला बितरण पश्चात उक्त चल्लाहरु आय आर्जन प्रयोजनको लागि पालन भए नभएको अनुगमन गरेको पनि पाइएन । तसर्थ पालिकाले यस्तो प्रकृतिको खरिद तथा बितरणमा देखिएका उल्लिखित कमजोरीहरु सुधार गरी सार्वजनिक खर्चलाई थप प्रभावकारी र व्यवस्थीत बनाउनुपर्दछ ।

५९. **निर्माण कार्यको गुणस्तर -** सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायी मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टारको गुणस्तर परीक्षण तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ।

## ६०. परामर्श सेवा -

६०.१ सार्वजनिक खरिद ऐन २०६३ को दफा ३१ मा प्रस्ताव माग गर्ने र प्रस्तावदाताको काम सम्बन्धी अनुभव, परामर्शदाताले प्रस्तावित काम सम्पादन गर्ने मेथोडोलोजीको गुणस्तर, प्रस्तावित मुख्य जनशक्तिको योग्यता जस्ता मूल्याकंनको आधारहरु तोकेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम १२ मा परामर्श सेवाको लागत अनुमान बनाउदाको आधारहरु तोकेको छ । पालिकाले निम्नानुसारको कार्य परामर्श सेवाको माध्यमबाट कार्य गराउँदा नियमावलीको उपर्युक्त व्यवस्था बमोजिम लागत अनुमान तयार नगरी एकमुष्ठ बजेटको आधारमा दर माग गर्ने र दर प्राप्त भएपछी सोही आधारमा संस्था वा कम्पनी छनौट गरी कार्य गराएको देखिन्छ । प्रस्ताव पेश भएपछी ऐनको उपर्युक्त व्यवस्था बमोजिम मूल्याङ्कनका आधारहरु प्रयोग गरेको पनि पाइएन । खरिद ऐन तथा नियमावलीले तोकेको प्रक्रियाहरुको पूर्ण पालना नहुँदा खरिद मितव्ययी र दक्षतापूर्ण तवरले भएको छ भनी आश्वस्त सकिएन । कानुनको पालन तर्फ कार्यलयको ध्यान जानुपर्दछ ।

| भौचर नं र मिति | कामको विवरण | भुक्तानी पाउने पार्टी | भुक्तानी रकम |
|---|---|---|---|
| २६, ०७९।८।२ | मकरिगाड— घुसा—सिटि—ख्याकोट सडकको बिस्तृत आयोजना प्रतिवेदन | साइनिङ्ग एक्सिस कन्सल्टेन्ट प्रा.लि. | १९,५५,३५२ |
| | सितोला—होपारी सडक आयोजना | एसर्टिभ कन्सल्टिङ्ग ग्रुप प्रा.लि. | १३,४४,९८३ |

| | | | |
|---|---|---|---|
| १५२,०८०।२।२९ | वडा नं ३ को रंघाडी झोलुङ्गे पुल डिपिआर | रितु कन्सल्टेन्ट | ३,९५,५०० |
| १५५,०८०।२।३० | अपिहिमाल बेश क्याम्प लगायत अन्य सम्भावित पर्यटकिय क्षेत्रलाई समेटेर नक्शा निर्माण | हिमालयन आउटडोर म्याप्स प्रा.लि. | ९,९९,९९९.९९ |
| | वडा नं १ र ३ को वडा कार्यालय भवन र खण्डेश्वरी विद्यालय भवनको डिपिआर | शान्ता कन्सल्टेन्ट | १२,५२,०३९ |
| २०३, ०८०।३।२३ | संगठन तथा व्यवस्थापन सर्वेक्षण | अपि सैपाल विकास मञ्च | ४९५४२० |
| | भू उपयोग योजना तथा जग्गा वर्गिकरण | प्रारुप इन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि. | ४९४९४० |
| २१८, ०८०।३।२४ | अपिसेतु चमेलिया ट्रायल सस्पेन्सन ब्रिजको डि.पि.आर | रितु कन्सल्टेन्टस | १९८८८०० |
| १८,०८०।३।२४ (विविध) | औधौगिक ग्राम निर्माणको डिपिआर | साइनिङ्ग एक्सिस कन्सल्टेन्ट प्रा.लि. भक्तपुर | १५९८९५० |
| जम्मा | | | १,०५,२५,९८४ |

६०.२ मकरिगाड – घुसा – सिटि - ख्याकोट सडकको बिस्तृत आयोजना प्रतिवेदनको लागि साइनिङ्ग एक्सिस कन्सल्टेन्ट प्रा.लि.सँग मिति २०७९।७।१ मा सम्झौता गरेकोमा मिति २०७९।७।२० मा अर्थात १९ दिनमा कार्य सम्पन्न भएको देखियो । तर कार्यालयले तयार गरेको लागत अनुमानमा टिम लिडरको लागि ४२ दिन लाग्ने अनुमान गरी प्रति दिन २१८४ को दरले रकम समावेश गरेकोमा सोही अनुसार प्रस्तावदाताले प्रस्ताव पेश गरी सम्झौता गरेको देखिन्छ । यसरी बास्तविक लाग्ने भन्दा बढी समय राखेको तर त्यसरी अवधि तय गरेको नर्म्स वा सो को आधार लेखापरीक्षणको क्रममा पेश हुन नसकेकोले उक्त कार्यमा टिम लिडरको लागि मात्रै रु ५६,७६२ बढी खर्च भएको पाइयो । यस्तै व्यहोरा सिताला—होपारी सडकको बिस्तृत आयोजना प्रतिवेदनको लागि पनि मिति २०७९।७।४ मा सम्झौता भई मिति २०७९।७।२० मा १६ दिनमा कार्य सम्पन्न भएको तर टिम लिडरको लागि १२.७५ दिन बढी राखी सोही दरले रु २७,८४६ बढी खर्च लेखेको पाइयो । यसबाट लागत अनुमान बास्तवकितामा आधारित देखिदैन । बढी व्ययभार परेको रु

| | |
|---|---|
| अनियमित भएको | ८४,६०८ |

६०.३ वडा नं १ र ३ को वडा कार्यालय भवन र खण्डेश्वरी विद्यालय भवनको डिपिआर निर्माणको लागि शान्ता कन्सल्टेन्ट प्रा.लि. सँग मिति २०८०।१।५ मा १२ हप्तामा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा ४७ दिन पश्चात मिति २०८०।२।२२ मा कार्य सम्पन्न भएको देखिन्छ ।तर कार्यालयले तयार गरेको लागत अनुमानमा टिम लिडरको लागि ३ महिना लाग्ने अनुमान गरी प्रति महिना रु ९८,८९० को दरले रकम समावेश गरेकोमा सोही अनुसार प्रस्तावदाताले प्रस्ताव पेश गरी सम्झौता गरेको देखिन्छ । यसरी बास्तविक लाग्ने भन्दा बढी समय राखेको तर त्यसरी अवधि तय गरेको नर्म्स वा सो को आधार लेखापरीक्षणको क्रममा पेश हुन नसकेकोले उक्त कार्यमा टिम लिडरको लागि मात्रै रु १,४१,७४२ बढी खर्च भएको पाइयो । यसबाट लागत अनुमान बास्तवकितामा आधारित देखिदैन । बढी व्ययभार परेको रु

| | | |
|---|---|---|
| | अनियमित भएको | १,४१,७४२ |

६०.४ **कार्यक्रम नभएको -** पालिकाले खर्च लेख्दा स्वीकृत बजेट तथा कार्यक्रम अनुसार खर्च लेख्नुपर्दछ । तर पालिकाले विविध खर्च खाताको भौचर नं १८, मिति २०८०।३।२४ मा औधोगिक ग्राम निर्माणको लागि बिस्तृत आयोजना प्रतिवेदन कार्यको लागि साइनिङ्ग एक्सिस कन्सल्टेन्ट प्रा.लि. भक्तपुरलाई रु १५,९८,९५० खर्च गरेको पाइयो । पूँजिगत बजेट अन्तर्गत सेवा र परामर्श शिर्षकमा बजेट विनियोजन गरी गाउँसभाबाट स्वीकृत गरी खर्च लेख्नुपर्नेमा विविध खर्च खाताबाट खर्च लेखेको पाइयो । यसरी सम्बन्धीत शिर्षकमा कार्यक्रम तथा बजेट स्वीकृत नगरी खर्च लेख्नु नियमसँगत नदेखिएको रु

| | | |
|---|---|---|
| | अनियमित भएको | १५,९८,९५० |

६०.५ **सम्झौता विनाको डि.पि.आर.-** पालिकाले अपिसेतु चमेलिया ट्रायल सस्पेन्सन ब्रिजको बिस्तृत आयोजना प्रतिवेदन र वातावरणिय अध्ययन प्रतिवेदन समेतको कार्य गर्ने गरी रितु कन्सल्टेन्टस छनौट गरेको र सोही कार्य गरेको भनी उक्त संस्थाको प्रतिलिपि कर बिजकको आधारमा गाउँपालिका चालु तर्फ भौचर नं २१८, मिति २०८०।३।२४ मा रु १९,८८,८०० भुक्तानी गरेको पाइयो । लेखापरीक्षण समयमा पेश भएको सम्झौतामा उक्त संस्थाको तर्फबाट हस्ताक्षर भएको देखिएन ।उक्त संस्थाले ड्रइङ्ग डिजाइन सम्बन्धी कागजात पेश गरेको भएपनि वातावरणिय अध्ययन र लागत अनुमान सहितको प्रतिवेदन पेश गरेको पाइएन ।तसर्थ उक्त कार्य गर्दा लागत अनुमान तयार भएको नेदेखिएको, सम्झौतामा एक पक्षको मात्र हस्ताक्षर रहेको, प्रस्तावदाताले गर्नुपर्ने सबै काम समेटेर प्रतिवेदन नदिएको र प्रतिलिपि कर बिजकको आधारमा भुक्तानी भएकोले यस सम्बन्धमा प्रस्तावदाता फिल्डमा आई काम गरे नगरेको यथार्थता एकिन गर्नुपर्ने देखिएको रु

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | १९,८८,८०० |

६१. **ठेक्का व्यवस्थापन -** पालिकाले बजेट कार्यान्वयनको क्रममा ठेक्का व्यवस्थापन गर्दा देखिएका कमजोरीहरु निम्नानुसार रहेका छनः

• नापी किताब (म.ले.प.फा.नं. ५०३) छुट्टै अभिलेखको रुपमा राख्ने व्यवस्था नगरेको,

• नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) नरहेको,

• आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. ५०५) नराखेको,

• ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६) तयार नगरेको,

• ठेक्का सम्बन्धी गोश्वारा लगत (म.ले.प.फा.नं. ५०७) तयार नगरेको,

• जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.नं. ५१४) तयार नगरेको,

• तयार गरिएका अभिलेखहरु खोजेका बखत तुरुन्त प्राप्त हुन सक्ने गरी फाइल व्यवस्थापन नगरेको,

• समयमै कार्य तालिका बमोजिम कार्य नगर्ने ठेकेदारलाई कानून बमोजिम जिम्मेवार बनाउन नसकेको,

• अधुरो ठेक्का तोडी कालो सूचिमा राख्ने कार्वाही अगाडी नबढाएक,

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूतम दररेट तोक्नुपर्नेमा नतोकेको ।

पालिकाको ठेक्का व्यवस्थापनमा देखिएका उपर्युक्त कमजोरीहरुका कारण आयोजना व्यवस्थापन प्रभावकारी हुन सकेको देखिदैन । साथै तोकिएका

अभिलेख समेत नराख्ने कमजोरीहरु समयमै सुधार गरी आयोजना छनौट, कार्यान्वयन तथा मूल्यांकन कार्यलाई मितव्ययी, दक्षतापूर्ण र प्रभावकारी

बनाइनुपर्दछ ।

## ६२. १० शैया अस्पताल -

६२.१ **अधुरो कार्य -** कार्यालयले ठेक्का नम्बर ०८-०७७-७८ बाट १० शैया अस्पतालको रु १३,०९,१२,०७३ को लागत अनुमान तयार गरी प्राविधिक मूल्याङ्कनमा पास सबैभन्दा कम कबोल गर्ने निर्माण ब्यावसायी स्वर असोसियट रन्जित्कार कन्स्ट्रक्सन जे.भि संग मिति २०८०-३-३० मा सम्पन्न गर्ने गरी रु. ५,१०,६४,३३१ को मिति २०७८-३-२३ मा सम्झौता गरी कार्य प्रारम्भ गरेकोमा भवन निर्माणको सम्पन्न गर्नुपर्ने मिति समाप्त भएकोमा कार्यालयले दोस्रो रनिङ्ग बिल संम भौ.नं.६-०८०-३-१८ बाट रु. २,६५,९९,५०८.१२ को मात्र कार्य गरेको अबस्थाले १० शैया अस्पतालको निर्माण कार्य सम्पन्न हुन सक्ने अबस्था देखिएन । फर्मले म्याद समाप्त भएपनि कानुनमा तोकिएको समय भित्र म्याद थपको निबेदन समेत दिएको देखिदैन । कानुन अनुसार प्रकृया पुरा गरी समयमै कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६२.२ **विजकको ढाँचा -** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अथवा स्वीकृत गरेदेखी बाहेक प्रापकलाई अनुसुचि ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । फर्मलाई निम्न बमोजिमको १० शैया अस्पताल निर्माण कार्यको भुक्तानी गर्दा कैफियत रहेको विजकको भुक्तानी भएकोले मूल्य अभिवृद्धि कर रु.३०,६०,११९ सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको र कारोवार अंक समेत खुल्ने गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| भौ.नं./मिति | फर्मको नाम | मू.अ.कर रकम | कैफियत |
|---|---|---|---|
| २-०८०-२-१९ | स्वर असोसियट रन्जित्कार कन्स्ट्रक्सन जे.भि | २८८०९२६ | बिजक नम्बर ०१-०८०-२-१९ हस्तलिखित |
| ६-०८०-३-१८ | स्वर असोसियट रन्जित्कार कन्स्ट्रक्सन जे.भि | १७९१९३ | बिजक नम्बर ०२-०८०-३-१८ हस्तलिखित |
| जम्मा | | ३०,६०,११९ | |

| प्रमाण पेश नगरेको | ३०,६०,११९ |
|---|---|

६३. **कार्यबिधिको पालना -** बिशेष अनुदान सम्बन्धि कार्यबिधि,२०७५ को दफा ८ मा अनुदान रकम को निकासा तथा खर्च प्रकृयामा उल्लेख भएअनुसार बिशेष अनुदान बाट प्राप्त रकम कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गरी खर्च गर्न मिल्ने देखिदैन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी एउटै प्रकृतिका कार्यलाई टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । सार्बजनिक खरिद नियमावली,२०६४ को नियम ८४ मा तोकिएको सिमाभन्दा वढीको सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्न नसकिने व्यवस्था छ । मकरीगाड खानेपानी तथा सरसफाई योजना अन्तर्गत बिशेष अनुदान मार्फत रु. १ करोड बिनियोजन भई कार्य गरेकोमा कार्यालयले उल्लेखित कानुनी ब्यबस्थाको पालना नगरी बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्नेमा टुक्रा टुक्रा गरी भौचर नम्बर २९-०८०-१-२७ बाट महादेब ट्रेडर्स एण्ड सप्लायर्स बाट खानेपानी आयोजनाको लागी आबश्यक पाईप तथा फिटिङ्ग सामाग्री खरिद कार्य प्रतिस्पर्धा सिमित हुने गरी सिलबन्दी दरभाउपत्र मार्फत खरिद गरी रु.५३,७०,४०४.०५ खर्च गरेको र निम्नानुसार खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गरी खरिद सामाग्री उपलब्ध गराई कार्यबिधिमा भएको व्यवस्था अनुकुल नहुने गरी समितिबाट कार्य गराई रु.६१,९९,४९७ भुक्तानी गरेको पाईयो । कार्यबिधि बिपरित हुने गरी खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

**६४. ढल निकास -** कार्यालयले ठेक्का नम्बर ०४-०७९-८० बाट अपि हिमाल-४ खाती मा ढल निकास निर्माण कार्यको रु. १,२७,६४,०५६ को लागत अनुमान तयार गरी सबै भन्दा कम कबोल रु. ८५,८६,००० गर्ने निर्माण ब्याबसायी अपिहिमाल निर्माण सेवा लाई कार्य गर्न दिई गोश्वारा भौचर नम्बर २३,३५,६० बाट रु. ८५,४५,६६९ भुक्तानी भएकोमा देखिएको ब्यहोरा देहायबमोजिम रहेका छन्

६४.१ **बढि भुक्तानी -** ✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण  पेश भएको आधारमा मिति २०८०-१२-२८ को निर्णयबाट रु. ५३८,६६७ सम्परीक्षण गरिएको ।)

६४.२ **स्थलगत अनुगमन -** ✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२८ को निर्णयबाट रु. १,०८४,२८९ सम्परीक्षण गरिएको ।)

**६५. प्रशासकीय भवन -** कार्यालयले ठेक्का नम्बर ०९-७७-७८ बाट पालिकाको प्रशासकीय भवनको मूल्यअभिबृद्दी कर बाहेक रु ७,४२,९१,८४७.९० को लागत अनुमान तयार गरी प्राविधिक मूल्याङ्कनमा पास सबैभन्दा कम कबोल गर्ने निर्माण ब्यबसायी रबिना प्रशंसा-एल.बि एण्ड एबि जे.भि संग मिति २०८०-३-३० मा सम्पन्न गर्ने गरी मूल्यअभिबृद्दी कर बाहेक रु.६,९०,०२,२१७ को सम्झौता गरी कार्य प्रारम्भ गरेकोमा निर्माण कार्य सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार छनः

६५.१ **न्युन प्रगती -** भवन निर्माणको कार्यको कार्यालयले पहिलो,दोस्रो तथा तेस्रो रनिङ्ग बिल बाट गोश्वारा भौचर नम्बर १४-०७९-१०-२२(गा.पा पुँजिगत), स्थानिय तह प्रशासनिक भवन तर्फ १-०७९-१२-२० र ६-०८०-३-१९ बाट क्रमश रनिङ्ग बिल रु. ७९,९९,२७०, रु.१०,००,००० र रु. ५२,००,००० समेत रु. २,३१,९९,२७० भुक्तानी (सम्झौता को २९.७४%) को मात्र कार्य गरेको अबस्थाले प्रशासनिक भवनको निर्माण कार्य समयमा समेत सम्पन्न हुन सक्ने अबस्था देखिएन । फर्मले म्याद समाप्त भएपनि कानुनमा तोकिएको समय भित्र म्याद थपको निबेदन समेत दिएको देखिदैन । कानुन अनुसार प्रकृया पुरा गरी समयमै कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

६५.२ **बढी भुक्तानी भएको रकम कट्टा गरेको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम बिलभरपाई संलग्न गरी खर्च लेख्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रशासनिक भवनको आ.ब २०७८-०७९ मा प्रथम बिल साईट सरसफाई, खन्ने, पिसिसि, रड लगायतको प्राबिधिक बिल तयार गरी रु. ८०,००,००० भुक्तानी गरेकोमा चालु बर्षमा सोहि कार्यको पुनः मापन गरी प्रथम बिल देखि बिल तयार भई भुक्तानी भएकोले दोहोरो मापन गरी भुक्तानी भएको रकम लेखापरिक्षणमा औल्याए पश्चात कार्यालयले आ.ब २०८०-८१ को गोश्वारा भौचर नम्बर ६, मिति २०८०/६/२२बाट चौथो रनिङ्ग बिल रु. १,५२,१५,८१७.६६ पेश भएकोमा दोहोरो भुक्तानी भएको रु. ८०,००,००० कट्टा गरी ७२,१५,८१७ भुक्तानी भएको छ । भुक्तानी दिदा यस अघि भएको कार्य र हाल

भएको कार्यको नापी किताबमा अद्यावधिक गरी बढि भुक्तानी हुन जाने स्थितिको अन्त्य गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

---

६६ **बीमा गराउनुपर्ने -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैंयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायी तथा उपभोक्ताले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने कतिपए सम्झौतामा बिमाको व्यवस्था भएकोमा निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश गरेको देखिएन। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ ।

---

६७. **न्यूनतम दररेट –** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नै दररेट तयार नगरी जिल्ला दररेट समितिले कैलालीको जिल्ला दररेटलाई आधार लिने निर्णय बमोजिम निर्माण सामाग्रीमा ढुवानी रकम समाबेश गरी निर्माण सामाग्रीको दररेट कायम गरेको छ । अधिकांश योजनामा उपभोक्ता समितिले निर्माण सामाग्री जिल्ला स्थीत आपुर्तकले उपलब्ध गराएको बिल पेश गरेको देखिन्छ । अतः स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी कार्यालयले दररेट तयार गर्नुपर्नेमा कैलाली लाई आधार लिदा आयोजनाको लागत बढि पर्न गएको देखिन्छ । स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी कार्यालयले दररेट तयार गर्नुका साथै कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

---

६८. **नर्म्समा भिन्नता –** पालिकाले निर्माण कार्यमा परिमाण बिष्लेषणको लागि प्रयोग गरिएको नर्म्स कुन निकायको र कहिलेको हो भन्ने व्यहोरा लेखापरीक्षणको लागि पेश हुन सकेन । निर्माण आयोजना अन्तर्गत हुने कार्य आइटममा सम्बन्धित कार्य क्षेत्र अनुसारको नर्म्सको प्रयोग हुनुपर्दछ ।

---

६९. **ओभरहेड -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने र उल्लेखित लागत अनुमानमा ओभरहेड राख्न मिल्ने अबस्था देखिदैन । कार्यालयले Fabrication of steel parts and steel deck, Fabrication of Reinforcement steel मा सामान खरिद कार्यको लागत अनुमान तयार गर्दा रु.३,९९,०७८ ओभरहेड राखी बोलपत्र भएको छ । ओभरहेड राखि सोही अनुसार खरिद कार्य हुदा बढि व्ययभार पर्न गएको रु.

| भौ नं मिति | फर्मको नाम | कामको विवरण | कबोल अंक | ओभरहेह रकम(मू.अ.कर समेत) |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १०-०७९-१०-२६ | लुम्बिनी इन्जिनियरिङ्ग वर्कस प्रा.ली | मल्टी स्यान ट्रस ब्रिजको स्टिल फ्रेब्रिकेशन पार्टस | ३०५९६०६ | ३९९०७८ |

| | |
|---|---|
| अनियमित भएको | ३,९९,०७८ |

७०. **स्विकृत कार्यक्रम वेगर खर्च –** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(३) बमोजिम अख्तियार प्राप्त भएको रकम स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित कानुन बमोजिम खर्च गर्नुपर्ने, दफा ७३(७) बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत, सीमा र शीर्षक वाहिर गइ बजेट खर्च गर्न नपाइने व्यवस्था छ साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित ब्यबस्थाको पालना नगरी निम्नानुसार कार्यक्रम शीर्षक वाहिर गइ बजेट खर्च गरेको, कार्यक्रम संसोधन सभाबाट नभई कार्यपालिकाले पटक पटक निर्णय गरी खर्च गरेको छ । सार्वजनिक निकायद्धारा भएको खरिदसम्वन्धी कार्यविधि र प्रक्रिया खुला, पारदर्शी एवम् प्रतिस्पर्धात्मक बनाउन खरिद योजना निर्माण गर्ने र कामको प्याकेज बनाई निर्माण कार्य गर्नुपर्नेमा सो नगरी समपुरक कोष मा एकमुष्ट बजेट राखी तथा ठेक्काको बचत रकम बाट कार्यपालिकाले निर्णय गरी कार्यक्रममा उल्लेख नभएको निम्न अनुसारको कार्य गरी रु.१५,०४,५४६ खर्च गरेको नियमित देखिएन । कानुनको पालना तर्फ कार्यलयको ध्यान जानुपर्दछ ।

| भौ.नं./मिति | फर्मको नाम | भएको कामको विवरण | स्विकृत कार्यक्रम | खर्च रकम |
|---|---|---|---|---|
| १०९-०८०-३-२४ | हटिनाथ निर्माण सेवा | सिद्द मकरिकोट पदमार्ग निर्माण | मकरीकोट देखी खाती सम्म पर्यटकिय पदमार्ग पिपिसि बाटो निर्माण | ९१९३९१ |
| १०६-०८०-३-२४,५५(संघिय पुजिगत) | जय मष्टा निर्माण सेवा | सिद्द मकरिकोट पदमार्ग लगायतमा रेलिङ्गहरुमा पेन्टिङ्ग कार्य | मकरीकोट देखी खाती सम्म पर्यटकिय पदमार्ग पिपिसि बाटो निर्माण | ५८५१५५ |
| जम्मा | | | | १५०४५४६ |

७१. **मन्जे लघु जलबिधुत -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा बमोजिम बिलभरपाई संलग्न गरी खर्च लेख्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपनर्ने व्यवस्था छ । कार्यालयले मिति २०७६-०२-११ को कार्यपालिका निर्णय तथा लधु जलबिधुत आयोजना,बैकल्पिक उर्जा प्रबर्दन कार्यालय र पालिका बिच भएको सम्झौता बमोजिम रु.१,२०,००,००० उपलब्ध गराउने प्रतिबद्दता रहेकोमा कार्यालयबाट प्राप्त बिबरण अनुसार पालिकाले निम्नानुसार पटक पटक गरी रु.१,९२,९४,००० भुक्तानी गरेको छ । त्रिपक्षिय सम्झौता अनुसार लधु जलबिधुतलाई पालिकाको निर्णय भन्दा बढी हुने गरी गत विगत बर्ष र यो बर्ष समेत रु. ७२,९४,००० बढि भुक्तानी भएको देखियो । सम्झौता तथा प्रतिबद्धता

भन्दा बढि खर्च लेख्नुको पुष्ट्याई पालिकाले पेश गर्नुपर्ने अन्यथा पुष्ट्याई बेगर यो आर्थिक बर्षमा बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| आ.ब | बिबरण | भुक्तानी रकम |
|---|---|---|
| २०७६-०७७ | प्रदेश सरकार शशर्त अनुदान बाट भुक्तानी-५०००००० र पालिका पुँजिगत बाट-३०००००० | ८०००००० |
| २०७७-७८ | प्रदेश सरकार शशर्त अनुदान बाट भुक्तानी-३४७०००० र पालिका समपुरक कोष पुंजिगत बाट-२०००००० | ५४७०००० |
| २०७८-०७९ | प्रदेश सरकार शशर्त अनुदान बाट भुक्तानी -२०००००० | २०००००० |
| २०७९-८० | गोश्वारा भौचर नं. १०१ पालिका पुँजिगत बाट-३८२४००० | ३८२४००० |
| जम्मा | | १९२९४००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३८,२४,००० |

७२. **सिमेन्ट दर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम बिलभरपाई संलग्न गरी खर्च लेख्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपनर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नम्बर १०१-०८०-३-२३ बाट मन्जे लधु जल बिधुत योजना लाई निर्माण कार्य गरी भुक्तानी दिदा प्राबिधिक स्पेक अनुसार निर्माण कार्यको दरविश्लेषण गर्दा आयोजनामा ओ. पि. सि. सिमेन्ट प्रति बोरा मूल्य अभिवृद्धि करसमेत रु ९६०.५० का दरले विश्लेषण गरेकोमा आयोजनामा प्रयोग भएको सिमेन्ट मध्ये रतन फर्निचर उधोग बाट खरिद भएको ४२८ बोरा पि. पि. सि. सिमेन्ट प्रयोग गरेकोले पि. पि. सि. सिमेन्ट मूल्य अभिवृद्धि करसमेत प्रति वोरा रु ८४७.५० पर्ने भएकोले सिमेन्टमा प्रतिबोरा रु ११३ को दरले बढी विश्लेषण हुन गई रु.४८,३६४ बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,३६४ |

७३. **बढि ब्ययभार -** सार्बजनिक खरिद नियमावली,२०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सरकारले तोकेको नर्म्स प्रयोग गरी जिल्ला दररेट अनुसारको दरले लागत अनुमान तयार गर्नुपर्ने

ब्यबस्था छ । कार्यालयले रिटेनिङ्ग बाल निर्माण कार्यको लागत अनुमान तयार गर्दा सडक को नर्म्स प्रयोग गर्नु पर्नेमा भवनको नर्म्स प्रयोग गरी निम्नानुसार रु. १४,३३,९६१ बढि मुल्याङ्कन हुन गएको छ । सम्बन्धित निर्माण कार्यमा सोही क्षेत्रको नर्म्स प्रयोग गरि लागत अनुमान तयार नगरेको र ठेक्का बन्दोबस्त हुँदा समेत लागत अनुमानकै हाराहारीमा सम्झौता भई खर्च भएकोले थप ब्ययभार भएको रकम एकिन पर्नुपर्ने रु.

| फर्म को नाम | कामको बिबरण | लागत अनुमानको तुलनामा % घटि कबोल | R.R masonary work 1:4 m3 | बिश्लेषण दर | सडक को नर्म्स अनुसारको दर | फरक दर | बढि |
|---|---|---|---|---|---|---|---|
| अपि हिमाल निर्माण सेवा | १ नम्बर वडा कार्यालयको फिल्ड तथा मेशिनरी वाल निर्माण | ०.७ % | ११४.३८ | १७६०९ | १३६५२ | ३९५७ | ४५२६०१ |
| लोथ्याल निर्माण सेवा | १० शैया हस्पिटल पछाडी मेशिनरी वाल निर्माण | १.०५ % | १८० | १९१०४ | १३६५२ | ५४५२ | ९८१३६० |
| | जम्मा | | | | | | १४३३९६१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,३३,९६१ |

७४. **शिद्मकरिकोट देखि अपि बेसक्याम्प पदमार्ग –** कार्यालयले ठेक्का नम्बर ०७-०७७-७८ बाट चेनेज ०++++००० देखि ७+++४१५ कि.मि सम्म सोलिङ्ग, रिटेनिङ्ग वाल, रेलिङ्ग, भर्याङ्ग लगायतको पदमार्गको कार्य गर्ने गरी रु ३,१२,०७,११५ को लागत अनुमान तयार गरी प्राविधिक मूल्याङ्कनमा पास सबैभन्दा कम कबोल गर्ने निर्माण ब्याबसायी धुलिखेल एल.बि.एण्ड ए.बि. जे.भि संग मिति २०७९-११-३० सम्पन्न गर्नुपर्ने म्याद रहेकोमा प्रथम पटक म्याद थप गरि मिति २०८०-३-२० सम्म सम्पन्न गर्ने गरी रु. ३,०७,७३,१७३ को मिति २०७८-२-२८ मा सम्झौता गरी कार्य प्रारम्भ गरेकोमा मिति, च.नं. १७८६-०८०-२-०४ बाट फर्मलाई म्याद थप नगर्ने पत्रचार गर्दा समेत तोकिएको कार्य पदमार्ग निर्माणको सम्पन्न गर्नुपर्ने मिति समाप्त भएकोमा कार्यालयले प्रथम रनिङ्ग बिल सम्म भौ.नं.५२-०८०-३-२३ (संघिय),१०४-०८०-३-२३(पुजिगत) बाट रु. १,४९,०५,७३८.९३ को मात्र कार्य गरेको अबस्थाले पदमार्ग निर्माण कार्य सम्पन्न हुन सक्ने अबस्था देखिएन । फर्मले म्याद समाप्त भएपनि कानुनमा तोकिएको समय भित्र म्याद थपको निबेदन समेत दिएको देखिदैन । कानुन अनुसार प्रकृया पुरा गरी समयमै कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

७५. **उपभोक्ता समिति परिचालन -** पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा आयोजनाको अनुगमन गर्ने गरेको भएतापनि त्यस्तो अनुगमन कार्य मापनिय सूचकको आधारमा नभइ सामान्य फाराममा भुक्तानीको सिफारिसमा मात्र सिमित रहेको, प्रत्येक चरणको गुणस्तर प्रमाण संलग्न नगरेको, बर्षेनी खण्ड खण्डमा आयोजनाको काम भएकोमा एकिकृत नापी किताब र आयोजनागत एकिकृत खर्च विवरण तयार नगरेको लगायका कमजोरीहरुका कारण उपभोक्ता समितिबाट भएका सबै कार्य मितव्ययी र गुणस्तरीय तवरले समयमै भएको छ भनी आश्वस्त हुन सकिएन । उपभोक्ता समिति परिचालन सम्बन्धी देखिएका निम्नानुसारका कमजोरीहरु समयमै सुधार गरी उपभोक्ता समिति परिचालन कार्यलाई थप प्रभावकारी बनाइनुपर्दछ ।
• सञ्चालित योजनाको सूचनापाटीमा आय -व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत देखिन्छ । साथै मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई हस्तान्तरण र सो को अभिलेखिकरण नगरेको,

• सवै प्रकारका आयोजनाको प्रत्येक चरणमा गुणस्तर प्रमाण संलग्न नगरेको,

• उपभोक्ताको योगदान न्यूनरुपले जुटाएको,

• लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले हेभि मेशिन प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभएको अवस्थामा समेत नापजाँच गरी भुक्तानी दिने गरेको,

• लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले सम्झौता अनुसार उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा रकम मात्र खुलाउने गरेको,

• पालिकाको योजना संचालन, कार्यान्वयन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण तथा उपभोक्ता समिति परिचालन सम्बन्धी निर्देशिका बनाई कार्यान्वयनमा नल्याएको,

• उपभोक्ता समितिले सञ्चालन गरेका कतिपय आयोजनाहरुमा अनुगमन समितिले अनुगमन गर्दा मापनिय सूचक सहितको फारामहरुको प्रयोग नगरेको र सबै आयोजनामा अनुगमन समिति संयोजक सहित सबै पदाधिकारीले अनुगमन नगरेको,

• उपभोक्ता समितिले आयोजना फरफारकको लागि पेश गरेको डोर हाजिर प्रमाणित नगरेको र कार्य सम्पन्न शुरु हुनु भन्दा अघिको र कार्य सम्पन्न पश्चातको फोटो मिति समेत खुलाई राख्ने नगरेको,

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन,

भवन, सिचाई जस्ता एउटै आयोजना बर्षेनी खण्ड खण्डमा बजेट विनियोजन गरी कार्यान्वयन गरेकोमा सो को एकिकृत आयोजनागत खर्च विवरण र एकिकृत नापि तयार नगरेको ।स साना भवन जस्ता संरचनामा केही खण्डको मात्र कार्य गराई कार्य सम्पन्न तयार गर्ने गरेको ।

## ७६. बढी भुक्तानी -

७६.१ पालिकाले वडा नं ४ को घेरपर्खाल निर्माण बापत उपभोक्ता समितिलाई भौचर नं ७१ मिति ०७९।१०।१५ बाट रु. १,३०,००० भुक्तानी दिदा कन्टिन्जेन्सी बापतको रु ५,२०० कट्टि नगरी भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धीतबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,२०० |

७६.२ पालिकाले कालापहरा सामूदायिक वन वृक्षारोपण कार्यक्रमको लागि भौचर नं १५८, मिति २०८०।२।३० बाट उपभोक्ता समितिलाई भुक्तानी दिदा पालिकाको योगदान स्वरुप रु १,४०,४८५ भुक्तानी दिनुपर्नेमा रु १,४४,००० भुक्तानी दिएकोले बढी भुक्तानी रु ३५१४.१३ सम्बन्धीतबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४१४ |

७६.३ पालिकाले भौचर नं १५९ मिति २०८०।२।३१ बाट सात्ती पानिधार प्लाष्टर कार्यमा कुल मूल्याङ्कन रु १,२६,८९४.७१ मा १० प्रतिशत उपभोक्ता योगदान स्वरुप रु १२६८९.४७ घटाउनुपर्नेमा रु ५,७९४.७६ घटाएकोले नपुग रकम रु ६८९५ सम्बन्धीतबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,८९५ |

७७. **नविकरण कार्य -** पालिकाले ७ वटा सामूदायिक वनहरु नविकरण कार्यको लागि गाउँपालिका चालु तर्फको भौचर नं १९२, ०८०।३।२२ बाट एसिलेरेटेड बायोडाइभर्सिटी कन्जरभेसन कन्सल्टेन्सी प्रा.लि. लाई रु. ४,४८,१०१ भुक्तानी गरेको पाइयो । सामूदायिक वनहरु नविकरण कार्य भनी प्रति समूह रु ६४,०१४ खर्च गरेकोमा लाभग्राहीको तर्फबाट कुनै लागत साझेदारी भएको पाइएन । पालिकाले खर्च गर्दा मितव्ययिता अपनाउने गरी खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## ७८. आन्तरिक आय तर्फ -

७८.१ **आयको अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु २५,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. १८,१६,३८३.०२ अर्थात अनुमान भन्दा ३७.६३ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमानलाई यर्थाथपरक बनाउनुपर्दछ ।

७८.२ **आन्तरिक आय परिचालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाको आर्थिक वर्ष २०७९।८० मा कुल खर्चमा आन्तरिक आयको हिस्सा निम्नानुसार रहेको छ । कुल खर्चमा ०.४६ प्रतिशत मात्र योगदान हुनुले पालिकाको आन्तरिक आय परिचालन स्थिति कमजोर रहेको छ ।पालिकाको अन्य आयका स्रोतहरुको प्रभावकारी परिचालन गरी आन्तरिक आय बृद्धि गर्ने तर्फ पालिकाको ध्यान जान जरुरी देखिन्छ ।

| कुल खर्च | आन्तरिक आय | कुल खर्चमा आन्तरिक आयको प्रतिशत |
|---|---|---|
| ३९,३६,७६,५०६ | १८,१६,३८३ | ०.४६ |

---

७८.३ **सेवा प्रवाह र आम्दानी -** नगरपालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर नगदी रसिदबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन । सेवा प्रवाहको विवरण तयार गर्ने परिपाटी तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

---

७८.४ **स्रेस्ता तथा अभिलेख -** पालिकाले आन्तरिक राजस्व तर्फ निम्नानुसारको स्रेस्ता तथा अभिलेख तयार गरेको पाइएन । स्रेस्ता तथा अभिलेख पूर्ण रुपमा र व्यवस्थित नहुँदा पालिकाले नियमित रुपमा उठाउने मालपोत दस्तुर, सिफारिस दस्तुर, एकिकृत सम्पत्ती कर लगायतका विभिन्न् शिर्षकमा प्राप्त गरेको आयको यथार्थता लेखापरीक्षणको क्रममा एकिन गर्न सकिएन । तोकिएका अभिलेख तथा स्रेस्ता तयार नगर्ने तथा व्यवस्थित नगर्ने कर्मचारीलाई कानून बमोजिम जिम्मेवार बनाइ आन्तरिक आयलाई व्यवस्थित, पारदर्शी, गणनायोग्य तथा तुलनायोग्य बनाईनुपर्दछ ।

- म.ले.प.फा.नं. १०२- दैनिक राजस्व आम्दानी खाता
- म.ले.प.फा.नं. १०३- गोश्वारा भौचर (राजस्व)
- म.ले.प.फा.नं. १०४- राजस्व आम्दानीको शिर्षकगत खाता
- म.ले.प.फा.नं. १०५- राजस्व आम्दानीको गोश्वारा खाता
- म.ले.प.फा.नं. १०६- राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता
- म.ले.प.फा.नं. १०७- राजस्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता
- म.ले.प.फा.नं. १०८- राजस्व आम्दानी बैंक नगदी किताब

---

७८.५ **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शिर्षक | अनुमान | असूली |
|---|---|---|

| | | |
|---|---|---|
| भूमिमालपोत कर | ३५०००० | २०४२२६ |
| बहाल कर | २००००० | २७८२६५.०२ |
| अन्य कर | २००००० | ११५५७७ |
| अन्यप्रशासनिक शुल्क | ५५०००० | ३५४४५७ |
| सिफारिसदस्तुर | १४५००० | १३३३२३ |
| व्यक्तिगतघटना दर्ता दस्तुर | १००००० | ३०४५० |
| नाता प्रमाणित दस्तुर | ५०००० | ३२३७० |
| अन्य दस्तुर | २००००० | ३०४७२६ |
| व्यवसायिक रजिष्ट्रेशन दस्तुर | ५०००० | १०५२७० |
| धरौटी सदर स्याहा | १०००० | ० |
| प्रशासनिक दण्ड,जरिवना र जफत | ४५००० | २००० |
| व्यवसाय कर | ६००००० | २५५३५८ |
| जम्मा | २५,००,०००.०० | १८,१६,३८३.०२ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

७८.६ **रसिद नियन्त्रण खाता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१ मा ऐन वमोजिम राख्नुपर्ने प्रत्येक कारोवारको लेखा राख्नुपर्ने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा कार्यालयको कामलाई व्यवस्थित एवं मितव्ययी गर्न आन्तरिक नियन्त्रण व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । पालिकाले नगदी रसिद नियन्त्रण खाता प्रमाणित गरी नराखी सामान्य टिपोट मात्र गरेको, एउटै नम्बरका विभिन्न रसिद छपाएको, पुरानो रसिद तथा शाखा वाइज अलग अलग रसिद छपाई प्रयोग गरेकोले पेश गरे अनुसारका नगदी रसिद मात्र प्रयोग भएका हुन भनी आश्वस्त हुन सकिएन । नगद आम्दानी गर्ने कार्यालयले राजश्व असुल गर्न प्रयोग हुने मालपोत रसिद एवं नगदी रसिदको छपाई पश्चात रसिद नियन्त्रण खातामा प्रविष्टि गरी सो बाट वुझेर लगेको अभिलेख राखि रसिद नियन्त्रणलाई व्यवस्थित गर्नुपर्दछ । पालिकाले सो अनुसार व्यवस्थित तरिकाले रसिद नियन्त्रण खाता नराख्दा २०८० आषाढमा कति रसिद वाँकी थिए २०७९।०८० मा कति छपाई गरियो र सो अनुसार जम्मा रसिद ठेलिमा कुन कुन वडामा कति रसिद उपलव्ध गराईयो र जिन्सिमा कति ठेली बाँकी छन सो एकिन गर्न सक्ने आधार भएन ।वडाहरुबाट पेश गरीएका केही नगदी रसिदहरुको जोडजम्मा गर्दा सोमा उठेको रकम भन्दा बढी दाखिला गरिएको भेटिनुले पेश गरेअसारकै रसिदहरु

मात्र प्रयोग भएका हुन भनेर भन्न सकिदैन ।रसिद नियन्त्रण खाता तयार गरि राजश्वको आन्तरिक नियन्त्रण व्यवस्था मजबुत बनाइ राजश्वको पूर्ण र व्यवस्थित अभिलेख राखि कानूनको पालना गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

---

७८.७ **राजस्व दाखिला -** कार्यालयले यसवर्ष रु. १८,१६,३८३.०२ राजश्व असुली गरेकोमा राख्नुपर्ने मलेप फारम नं लगायतका अभिलेख नराखेको, प्राप्त राजश्व रसिदवाट सिधै वैङ्क दाखिला गरी वैंक स्टेटमेन्ट अनुसार आम्दानी जनाउने गरेको र प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा आन्तरिक रुपमा परीक्षण भिडान गर्ने व्यवस्था नभएकोले प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा एकिन हुन सकिएन । खाता तयार गरी आम्दानी भिडान गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

---

७८.८ **एम्बुलेन्स सञ्चालन-** पालिकामा एउटा एम्बुलेन्स रहेको जानकारीमा आयो । एम्बुलेन्स सञ्चालनको कुनै कार्यविधि तयार भएको पाइएन् । उक्त उम्बुलेन्समा भएको इन्धन, मर्मत लगायत अन्य खर्च र सेवा प्रवाहको स्पष्ट अभिलेख समेत राखिएको छैन् ।चालु आ.व.मा चालकले एम्बुलेन्सको आम्दानी वापत् एकमुष्ट रु ७७,८६७ बुझाएको भौचर देखिए पनि वास्तविक रुपमा सो बाट उठेको रकम के कति र दाखिला गर्न के कति हो सोको हिसाब नबुझाएकोले एकिन हुन सकेन ।यसरी अभिलेख नराख्दा एम्बुलेन्सबाट भएको सेवा प्रवाहको अवस्था र प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था समेत रहेको छैन। पालिकाको एम्बुलेन्स मार्फत प्रदान गरिने सेवा तथा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ ।

| क्र.सं. | सामानको विवरण | इन्धन लागत | जनशक्ति लागत | मर्मत लागत | आय | खर्च | वचत |
|---|---|---|---|---|---|---|---|
| १. | एम्बुलेन्स | नखुलेको | नखुलेको | नखुलेको | नखुले को | नखुलेको | नखुले को |

---

**७९. अग्रिम कर -** आयकर ऐन २०५८ को दफा ८७ (घ) बमोजिम रु ५० लाख भन्दा बढीको उपभोक्ता समिति मार्फत कार्य गराउँदा भुक्तानी रकमको १.५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नम्बर ५८-०८०-३-२४ मा श्री खण्डेश्वरी माध्यामिक बिध्यालय क्षेत्ती को ४ कोठे भवन निर्माण कार्य गरी ५४,९१,०००। भुक्तानी गर्दा उल्लेखित नियम अनुसार अग्रिम कर १.५ प्रतिशतले रु. ८२,३६५ कट्टा गर्नुपर्नेमा रु ७६,४१५ मात्र कट्टा गरेकोले घटी कट्टा गरेको रु. ५,९५० असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,९५० |

---

**(क) सम्परीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औंल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी

फस्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । पालिकाले २०७४।०७५ देखि २०७६।०७७ सम्मको बाँकी बेरुजु मध्ये निम्नानुसारको रु १,६५,८१,८९१.४१ फस्यौंट गरी सम्परीक्षणका लागि म्यानुअल रुपमा अनुरोध गरेकोमा सम्परीक्षणबाट निम्नानुसार लगत कट्टिको निर्णय भएको व्यहोरा अनुरोध छ ।

| सि. नं | बेरुजु कायम भएको आ.ब.र दफा | सम्परीक्षण को लागि अनुरोध रकम | सम्परीक्षण भएको रकम | सम्परीक्षण हुन नसकेको रकम | सम्परीक्षण हुन नसक्नुको कारण |
|---|---|---|---|---|---|
| १ | ०७४।०७५, १४ | २६१९० | २६१९० | - | - |
| २ | ०७६।०७७, ३२.२ | ८१३९६४ | ८१३९६४ | - | - |
| ३ | ०७६।०७७, ४७ | ९९५९५.४१ | ९९५९५.४१ | - | - |
| ४ | ०७५।०७६,३३ | ४३९७७२२ | - | ४३९७७२२ | नगरसभाबाट नियमित हुँदा दफावार रुपमा नियमित गर्नुको आधार तथा पुष्टयाई र सुधार भएको प्रमाण समेत संलग्न गरी पेश भएमा मात्र सम्परीक्षणको कार्वाही अगाडी बढाउन सकिने गरी मिति २०८०।७।१० मा निर्णय भएकोले । |
| ५ | ०७६।०७७, १९ | ३१५२००० | - | ३१५२००० | " |
| ६ | ०७६।०७७, ५२ | २७०००० | - | २७०००० | " |
| ७ | ०७५।०७६, ३६ | ३४८००० | - | ३४८००० | " |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ०७५।०७६, ३८ | ६९६५२०० | - | ६९६५२०० | ” |
| ९ | ०७६।०७७,२१ | ५०९२२० | - | ५०९२२० | ” |
| | जम्मा | १६५८१८९१.४१ | ९३९७४९.४१ | १५६४२१४२ | |

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति -

**आर्थिक बर्षः २०७९/८०**

**कार्यालय र स्थान : अपिहिमाल गाउँपालिका, दार्चुला , अपिहिमाल गाउँपालिका , दार्चुला**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ईन्द्र बहादुर रावल | २०७९-१०-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | इश्वर सिह धामी | २०८०-७-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,२७९,९८३ | ४,४३८,८६३ | ११,८०८,२५१ | ० | ० | ० |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | | | | | १७,५२७,०९७ |
| प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु. | | | | | २,०६६,६६७ |
| संपरीक्षणबाट थप भएको बेरुजू रु. | | | | | ० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | | | | | १५,४६०,४३० |

**स्थानीय तह -**

| गत बर्षको जिम्मेवारी | | २३५१०८२८ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| संघीय सरकारबाट अनुदान | २४९१६५७०० | चालु खर्च | २०५७००६१० |
| प्रदेश सरकारबाट अनुदान | ९२४००००.० | पूँजीगत खर्च | १४८६८९३४४ |
| राजश्व बाँडफाँट | ६२१७६५३४ | वित्तीय/अन्य व्यवस्था | ३९२८६५५३ |
| आन्तरिक आय | १८१६३८३.० | | |
| अन्य आय | ७९७३१५१५ | | |

| | | | |
|---|---|---|---|
| कुल आय | ४०२१३०१३२ | कुल खर्च | ३९३६७६५०७ |
| बाँकी मौज्दात | | ३१९६४४५३ | |